प्रम सम्बोधन पूर्णपाठ | पृष्ठ ६ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

वर्ष २६ • अंक १५३ • २०८१ साल कार्तिक ९ गते शुक्रबार (25 October, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सुनसान सुन बजार


# दीपावली आउन लागदा पनि व्यवसायीमा छैन उत्साह

टुडे समाचारदाता

जनकपुरधाम । सुनको भाउ लगातार बढेपछि जनकपुरधाममा गरगहनाको माग घट्दा बजार सुनसान देखिन थालेको छ ।

दशैं, दीपावली र छठ पर्वको अवसरमा विशेष गरी बिक्री हुने सुनका गरगहना पसलहरु यसपटक भने प्रायः अत्यावश्यक बाहेकमा उपभोक्ताले खरिद नगरेको सुनचाँदी व्यवसायीहरु बताउँछन् ।

दिनप्रतिदिन मूल्य बढेर तोलाकै १ लाख ६६ हजार नाघेपछि गरगहनाको माग घट्न पुगेको जनाइएको छ । महँगो मूल्यका कारण तिहार आउन लाग्दा पनि सुनचाँदी व्यवसायीमा उत्साह भने देखिएको छैन ।



सामान्य अवस्थामा तिहारमा सुनचाँदी धैरै बिक्री हुने गर्छ । विशेषगरी धनतेरसका दिन सुनचाँदी ठूलो परिमाणमा बिक्री हुने गरेको छ । तिहारकै लागि भनेर विभिन्न खाले नयाँ डिजाइनका गरगहना बनाएर राख्ने गरेका व्यवसायीहरू यसपालि माग नै नरहेको बताउन थालेका छन् । सुनचाँदीको मूल्य निरन्तर उकालो लाग्दा कारोबार घट्दै गएको उनीहरु बताउँछन् ।

महँगो मूल्यका कारण गरगहनाको माग नरहेकै कारण तिहारका लागि भनेर खासै तयारी नगरेको सुनचाँदी व्यवसायीले बताउन थालेका छन् । नेपाल सुनचाँदी व्यवसायी महासंघ मधेश प्रदेशका महासचिव मनिष रमण साहले तिहारका लागि विशेष तयारी गर्ने उत्साहजनक अवस्था नरहेको बताए ।

महासचिव साहले भने, 'सुनको भाउ अत्यधिक महँगो भएका कारण गरगहना धैरै बनाइएको छैनौं,' उनले अघि थप्दैं भने, 'सुनको मूल्य महँगिएपछि गरगहनाको माग घट्यो, तिहार आउन लाग्दा पनि व्यवसायीमा उत्साह नहुनुको कारण खस्कदो अर्थतन्त्र र महँगी नै हो ।'

धनतेरसको दिनचाहिँ कारोबार बढ्ला कि भन्ने उनको आश रहे पनि विगतका तिहारमा जस्तो कारोबार हुनेमा ढुक्क छैनन् ।

बजारमा माग नरहेका कारण बैंकहरूले एक महिनासम्म सुनको आयात नै गरेका छैनन् । सो अवधिमा बैंकमा रहेको १८० किलोग्राम सुन व्यवसायीले किनेका छन् । जबकि तिनै व्यवसायीले दैनिक १० किलोग्रामले माग नधान्ने भन्दै कोटा बढाएर २० किलो पुऱ्याउन लागेको थियो । बैंकसंग खरिद गरिएको सो सुन स्टकमै रहेको व्यवसायीहरुको भनाइ छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ मधेश प्रदेशका महासचिव साले सुन महँगो भएकोले तिहारमा राम्रो कारोबार हुने विश्वासमा तयारी गर्ने अवस्था आशाजनक छैन ।

स्थानीय सुनचाँदी व्यवसायी राजकुमार साहले भने, 'महँगीका कारण ग्राहकले सुन खरिद गरिरहेका छैनन् । त्यसैले अहिले तिहारका लागि भनेर धेरै गरगहना बनाएर राख्ने अवस्था पनि छैन ।'

विगत वर्षमा दैनिक ४०/५० किलोग्रामसम्म खपत हुने गरेको सुन पछिल्लो पटक मूल्य आकासिन थालेसंगै दैनिक औसत २० किलोग्रामभन्दा कममा झरेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

व्यवसायीहरूले तिहार लक्षित गरेर १०० किलोग्राम सुन आयात गर्न बैंकलाई भनिएको छ ।

तर यसबीचमा आफूहरूले सरकारले भन्सार दर घटाउँला भनेर आयातका लागि केही समय पर्खी रहेको महासंघले जनाएको छ ।

सुनको मूल्य भने गत वर्षको कार्तिकमा १ लाख १६ हजार रुपैयाँ रहेकोमा यस वर्षको कार्तिक महिनामा करिब ४० हजार रुपैयाँले वृद्धि भएको महासंघको विवरणमा जनाइएको छ ।

नेपाल राष्ट्र बैंकले यसै वर्षको भदौं मसान्तमा सार्वजनिक गरेको देशको वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनमा गत वर्ष सोही अवधिको तुलनामा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य ३४ प्रतिशतसम्मले बढेको उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुनको गरगहना नेपाल-भारत सीमावर्ती क्षेत्रतर्फ सहजै रुपमा पाउन थालेपछि जनकपुरधामको बजार सुनसान देखिन थालेको छ ।

भारतमा नेपालभन्दा सस्तोमा सुन पाउन थालेपछि जनकपुरधाम हुँदै प्रायः उपभोक्ता सीमावर्ती क्षेत्रतर्फको बजारमा गएर सुनलगायतका गरगहनाहरु खरिद गर्ने गरेका कारण पनि त्यसको असर जनकपुरधामको सुन बजार परेको व्यवसायीहरुको भनाइ छ ।

नेपालमा सुनको मूल्यसंगै २० प्रतिशतले सरकारले कर लिइरहको छ भने सोही कर भारतमा भने ६ प्रतिशतले लिइरहेकाले भारततर्फ सुन नेपालभन्दा सस्तोमा बिक्री भइरहेको एक सुनचाँदी व्यवसायीले बताए ।

अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्प्युटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



# टिभिएसको एक्सचेञ्ज मेला बाह्रबिघ्घामा सुरु

टुडे समाचारदाता

जनकपुरधाम । जगदम्वा मोर्टसको उत्पादन टिभीएसका बाईक र स्कुटरहरुको एक्सचेञ्ज मेला जनकपुरधामको बाह्रबिघ्घामा सुरु भएको छ। च्याम्पियन्स एक्सचेन्ज मेला २०८१ नाम दिइएको सो मेलाको पुर्वमन्त्री प्रतिनिधीसभा सदस्य जुली महतोले समुदघाटन गरेकी छिन् । मेला कार्तिक १४ गते धनतेरसका दिन सम्म चल्ने छ।



टिभीएस बाईक र स्कुटरको जनकपुरधाम स्थित आधिकारिक विक्रेता आर्यन अटो मोबाईल्सको आयोजनामा प्रत्येक वर्ष दिपावली र धनतेरसको अवसरमा लाग्ने मेलामा कुनै पनि कम्पनीको पुरानो टु ह्वीलर सवारी एक्सचेञ्ज गरेर टिभिएसका नयाँ बाइक र स्कुटर लान मिल्ने व्यवस्था हुन्छ।

आर्यन अटो मोबाईल्सका सञ्चालक संजीव कुमार महतोले यस वर्ष बाइक लिनु भन्दा अगाडि र लिइसकेपछि पनि गरि दुई वटा स्क्रयाच कुपनको व्यवस्था रहेको जस्मा पाँच हजार देखि पाँच लाख र एक हजार देखि १० लाख सम्मको पुरस्कार पाउन सकिने स्कीम सुनाए।

सो अवसरमा पुर्वमन्त्री महतो, जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, टिभिएसका सर्भिस म्यानेजर केशव झा, बैश्य कल्याण महासंघका केन्द्रिय सदस्य राज कुमार साह सहितकाले आ आफनो शुभकामना मन्तब्य राखेका थिए।

सो अवसरमा कांग्रेस नेता भोला पजियार, गिरीजा सिनेमा हलका सञ्चालक राजकिशोर साह सहितको उपस्थिती थियो।

# 'मधेशको बसाइ सार्थक र स्मरणीय भयो'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा प्रदेशबाट सरुवा भएका सहसचिवहरू मुख्यमन्त्री सतीशकुमार सिंह सहभागी रहेको एक कार्यक्रममा अत्यन्त भावुक बने । मधेश प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार प्रदेश सचिवका रूपमा कार्यरत रही स्थानान्तरण भएका सहसचिवहरूको बिदाइ समारोहमा उनीहरूले मधेश प्रदेशमा परिवारकै सदस्यले पाउनेजस्तो आत्मीयता, सहयोग र सद्भाव पाएको बताए।



उनीहरूले समवेत स्वरमा भने, ' मधेशमा काम गर्न अप्ठ्यारो छ भन्ने कर्मचारीवृत्तमा भ्रमले जरो गाडेको छ । त्यसविपरीत हामीले प्रदेश सरकारमा काम गरिरहँदा राजनीतिक नेतृत्वसँगै सहकर्मी कर्मचारीहरूको अपेक्षाभन्दा बढी सहयोग र प्रोत्साहन पायौँ ।' समूहबद्ध भएर काम गर्ने र सकरात्मक तथा सार्थक परिणाम प्राप्त गर्ने अदम्य चाहनाले मधेशको राजनीतिक नेतृत्व र कर्मचारीहरू प्रेरित रहेको उनीहरूको साझा अनुभव थियो।

प्रदेश सचिवको सरुवापछि मधेश प्रदेश सरकारले सात वर्षमा पहिलोपटक बिदाइ समारोहको आयोजना गरेको हो।

अर्थ मन्त्रालयको सचिवबाट युवा तथा खेलकुद मन्त्रालयमा सरुवा भएका सुवासचन्द्र शिवाकोटीले प्रदेशमा काम गरिरहँदा राजनीतिक नेतृत्वको मार्गनिर्देशनमा मन्त्रालयका कामकाज व्यवस्थित र प्रभावकारी बनाउने रूपरेखा कोर्न पाएकोमा सन्तोष व्यक्त गरे । उनले जस्तोसुकै जटिलता र सकसलाई चिर्न मुख्यमन्त्रीलगायत मन्त्रीहरूबाट प्राप्त सद्भाव उत्साहप्रद तथा प्रेरणादायी रहेको भन्दै मधेश प्रदेशको बसाइँ स्मरणीय रहने उल्लेख गरे।

उनले भने, 'यहाँको अनुभव मेरो व्यक्तिगत पेसागत जीवनका लागि समेत महत्त्वपूर्ण रहनेछ।'

गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिवबाट योजना आयोगमा सरुवा भएका वीरेन्द्रकुमार यादव मधेश प्रदेशमा सरुवा भएका कर्मचारीलाई बिदाइ गर्ने कार्य पहिलोपटक भएको भन्दै यस्तो परम्परा र सँस्कारलाई निरन्तरता पाउने अपेक्षा गरे । उनले सरकार आफू यसअघि पनि प्रदेशमा काम गरी अन्यत्र पुगेको भए पनि सम्मानसहितको बिदाइ पहिलोपटक पाएकामा सरकार प्रमुख सतिशकुमार सिँहप्रति कृतज्ञता व्यक्त गरे।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिवबाट कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका शरणकुमार पाण्डेले मधेश प्रदेशमा काम गर्दाका असल अभ्यासहरूका सिकाइ अर्को प्रदेशमा काम लाग्ने बताए। उनले भने, 'मधेश प्रदेशको समन्वय र सहकार्यको सँस्कृति यहाँ आउने कर्मचारीका लागि काम गर्ने वातावरण प्रदान गर्नेछ।'

मधेश प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालको अध्यक्षतामा भएको कार्यक्रममा गृहमन्त्रालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशमा आएका जयकुमार घिमिरेलाई स्वागत गरिएको थियो।

# कोप-२९ मा नेपालले राष्ट्रपतिको नेतृत्वमा सहभागिता जनाउने

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९)मा नेपालले उच्चस्तरीय सहभागिता जनाउने भएको छ।



आगामी नोभेम्बर ११ देखि २२ तारिखसम्म अजरबैजानको बाकुमा हुने कोप-२९ सम्मेलनमा नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको नृतत्वमा सहभागिता जनाउने वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जानकारी दिनुभयो।मन्त्रालयमा विहिबार आयोजित कार्यक्रममा मन्त्री ठकुरीले भन्नुभयो, "राष्ट्रपतिज्यूको नेतृत्वमा कोप-२९ सम्मेलनमा उच्चस्तरीय र प्रभावकारी सहभागिता जनाउनका लागि सोहीअनुसारको तयारी गरिरहेका छौँ।"

यसअघि सन् २००९ डेनमार्कको कोपहेगनमा भएको १५औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको २४औँ सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा सम्पन्न २७औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र सन् २०२३ मा संयुक्त अरब इमिरट्सको दुवईमा सम्पन्न २८औँ सम्मेलनमा नेपालले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा उच्चस्तरीय सहभागिता जनाएको थियो।

उच्चस्तरीय प्रतिनिधित्वले सम्बन्धित मुलुकले सम्मेलनलाई कति गम्भीररुपमा लिएको छ भन्ने सन्देश जाने र यसले निर्णय क्षमता र कार्यान्वयनमा पनि ठूलो महत्व राख्ने यस क्षेत्रका जानकारको भनाइ छ ।मन्त्री ठकुरीले कोप-२९ को तयारीका लागि पूर्वाधार, समिति तथा राष्ट्रिय मार्गदर्शन तयारी गरी सोहीआधारमा प्रभावकारी कार्यान्वयन थालनी भएको जानकारी दिनुभयो।

यसका साथै जैविक विविधता महासन्धीमा यस वर्ष माउन्टेन, विपद् व्यवस्थापन र जलवायु वित्तको मुद्दासहित कोप-२९ मा सहभागी हुने तय गरेको उहाँले बताउनुभयो। जलवायु अनुकुलन कोषका लागि वन मन्त्रालयलाई राष्ट्रिय आधिकारिक सम्पर्क तोकिएको छ।

मन्त्री ठकुरीले वन तथा वनजन्य स्रोतको परिचालन गरी जनताको आय वृद्धि गर्न मन्त्रालयले विभिन्न नीतिगत र संरचनागत कार्यको थालनी गरेको बताउनुभएको छ। वर्तमान सरकार गठन भएको एक सय दिनको अवधिमा मन्त्रालयबाट भएका प्रमुख कार्यहरुको प्रगतिबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उहाँले यस अवधिमा आठ दीर्घकालीन प्रभाव राख्ने नीतिगत कानुनी दस्तावेजहरु तयार भएको जानकारी दिनुभयो।

मन्त्री ठकुरी भन्नुभयो, "यसले नेपालको वन, जैविक विविधता तथा वातावरण क्षेत्रमा ठूलो फड्को मार्नेछ। मुलतः वनको दिगो व्यवस्थापनका लागि सङ्घीयता तथा समुदाय अनुकुल हुने गरी दिगो वन व्यवस्थापनको मापदण्ड र राष्ट्रीय वनको रणनीतिक योजना तयार भएको छ।"मन्त्रालयका सचिव डा दीपककुमार खरालले यस अवधिमा कार्बन व्यापारमा निजी क्षेत्रको संलग्नता सुनिश्चत गर्न कानुनमा संशोधन गर्नुका साथै कार्बन बिक्रीको ८० प्रतिशत लाभ समुदाय समक्ष पुने गरी लाभ बाँडफाँट योजना स्वीकृत गरिएको जानकारी दिनुभयो।

वन विकास कोषमा रु छ करोड ५९ करोड रकम सङ्कलन गर्नुका साथै सो रकम परिचालन गर्ने नीति तयार गरिएको उहाँको भनाइ थियो।मन्त्रालयले वैदेशिक ऋणबाट चालु कार्यक्रम सञ्चालन गर्ने विषय निरुत्साहित गर्दै समृद्धिका लागि वन कार्यक्रम अनुदान सहायतावाट सञ्चालन गर्ने गरी रु एक अर्ब ६० करोड अनुदान सहायताको व्यवस्था मिलाएको छ। यसले समृद्धिका लागि वन कार्यक्रम ऋणबाट सञ्चालन भएको भन्ने विषय अन्त्य भएको मन्त्रालयले जनाएको छ।

यसै अवधिमा हिमाली तथा पहाडी क्षेत्रका जलवायु परिवर्तनबाट प्रभावित तथा संवेदनशील जलाधारमा रहेका समुदाय र प्राकृतिक स्रोतको व्यवस्थापनका लागि भू-परिधिमा आधारित जलवायु उत्थानशिलता विकास गर्न करिब रु २९ अर्बको कार्यक्रम सञ्चालन हुने भएको सचिव खरालले बताउनुभयो।

तराईका १३ जिल्लाका वन कार्बन बिक्रीवाट रु एक अर्ब ६० करोड प्राप्त हुने सुनिश्चित भइ कार्यान्वयनको खाका तयार गरिएको मन्त्रालयका रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा सहसचिव नवराज पुडासैनीले जानकारी दिनुभयो। साथै भविष्यमा विकसित राष्ट्र, अन्तर्राष्ट्रिय कम्पनीलाई विशेष गरी निजी क्षेत्रलाई कार्बन व्यापारमा संलग्न गराउने नीति रहेको उहाँले बताउनुभयो।

बीस आयोजनालाई वातावरणीय अध्ययनमा सहजीकरण

मन्त्री ठकुरीले तीनै तहका सरकरको अविभावकत्वमा समुदायको सक्रियतामा सन् २०१९ मा ४५ दशमलव ३१ प्रतिशत रहेको वन क्षेत्र वृद्धि भई हाल ४६ दशमलव ०८ प्रतिशत पुगेको बताउनुभयो।

"तराई तथा सहरी क्षेत्रका नागरिकका लागि काठ तथा दाउरा वितरणको मुख्य माग रहेको चौकस नै वन निगममार्फत उपलव्ध गराउने व्यवस्था मिलाएको छु", उहाँले भन्नुभयो, "हालसम्म आठ हजार चिरान काठ वितरण गरिएको छ। सात वटै प्रदेश र ७५३ वटै स्थानीय तहको वन क्षेत्रका किसिमअनुसार नक्सा तयार गरिएको छ।"

यस अवधिमा मन्त्रालयले काठमाडौँ-तराई/मधेस द्रुतमार्ग, बुटवल सडकखण्डको जग्गा तथा रुख कटानको अवरोध हटाइएको जनाएको छ। हालसम्म १८ वटा राष्ट्रिय प्राथामिकता प्राप्त आयोजनालाई करिब १३० हेक्टर वन क्षेत्रमा ४४ हजार रुख कटानका लागि अनुमति दिइएको उहाँले बताउनुभयो। यस अवधिमा २० वटा विकास आयोजनालाई वातावरणीय अध्ययन कार्यमा सहजिकरण गरिएको छ।

**जलवायु परिवर्तनका मञ्चमा प्रभावकारी उपस्थिति**

वन तथा वातावरण क्षेत्रका अन्तर्राष्ट्रिय सम्बन्ध तथा अभिसन्धिको कार्यान्वयनका लागि लामो समयदेखि अगाडि नबढेको मोन्ट्रियल प्रोटोकलअन्तर्गत किगाली संशोधन अनुमोदन प्रस्ताव संसदमा पेस गरेको मन्त्रालयले जनाएको छ।

"यस अवधिमा जैविक विविधता महासन्धिका लागि राष्ट्रिय अवधारणा पत्र तयार गरेका छौँ। नेपाल सरकारको तर्फबाट उपहार स्वरुप कतार सरकारलाई चितवन राष्ट्रिय निकुञ्जमा रहेका एक जोडी हात्ती उपलब्ध गराउने निर्णय गरिएको छ, राष्ट्रिय वनस्पति उद्यान गोदावरीको विकास लागि मित्र राष्ट्र चीनको कुनमिङ वनस्पति उद्यानसँग भगिनी सम्झौता सम्पन्न भएको छ", मन्त्री ठकुरी भन्नुभयो।

**जैविक विविधता संरक्षणमा उपलब्धि**

मन्त्रालयले पछिल्लो तीन महिनामा जैविक विविधता तथा वन्यजन्तु संरक्षणका लागि थप प्रगति हासिल गरेको जनाएको छ। वन्यजन्तु अपराध नियन्त्रणका लागि दक्षिण एसियाका सबै मुलुकको सहभागितामा साधारणसभा नेपालमा गर्ने निर्णय भएको छ।

"स्वच्छ हिमाली पर्यावरणको सूचक (हिमालकी रानी) हिँउ चितुवाको गणना सम्पन्न भएको छ। बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको साथै रातो बाँदरलाई हानिकारक वन्यजन्तु घोषणा गर्ने अध्ययन सम्पन्न गरी निर्णय प्रकृयामा छौँ", मन्त्री ठकुरीले भन्नुभयो ।समृद्धिका लागि वन्यजन्तुको व्यावसायिक रुपमा वन्यजन्तु पालना प्रजननका लागि अनुमति दिने कार्य थालनी गरिएको छ। सदर चिडियाखानाको व्यवस्थापकीय जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई थप ३० वर्षका लागि दिने निर्णय गरिएको छ।

जडीबुटी प्रशोधन केन्द्रको सेवा विस्तारका लागि जाजरकोटमा टिमुरको सङ्कलन तथा प्रशोधन परीक्षण सफल भएको र गोरखामा उद्योगका लागि जग्गा प्राप्ती अगाडि बढाउनुका साथै सिराहामा खेती विस्तार गर्ने कार्य भएको छ।रासस

# निमित्त प्रमुख प्रशासकीय अधिकृत रंगेहात पक्राउ




**टुडे समाचारदाता**

बारा। बाराको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत घूससहित रंगेहात पक्राउ परेका छन्।

जिल्लाको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साहलाई सेवाग्राहीसंग ८० हजार रुपैयाँ घूस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिएको टोलीले रंगेहात पक्राउ गरेको जनाएको छ।

सो आयोगका सूचना अधिकारी गोविन्दप्रसाद गौतमले बिल भुक्तानीको रकम दिएबापत सेवाग्राहीसँग घूस लिँदै गर्दा साहलाई पक्राउ गरिएको बताए। उनलाई कलैया उपमहानगरपालिका-४ मा लेनदेनकै क्रममा रंगेहात पक्राउ गरिएको उनको भनाइ छ।

# सिमान्तकृत समूहलाई मूलप्रवाहमा ल्याउन चुनौती

काठमाण्डु। अधिकारकर्मीले विगतको द्वन्द्वको तुलनामा मावनअधिकार उल्लङ्घनका घटना न्यून भए पनि सिमान्तकृत समूहलाई राज्यको मूल प्रवाहीकरणमा ल्याउने विषय अझै चुनौतीपूर्ण रहेको बताउनुभएको छ।

उहाँहरुले मुलुकको समग्रमा मानवअधिकारको अवस्थामा धेरै सुधार आएको जनाउँदै अहिले राज्यको सेवा प्रवाहबाट वञ्चितिकरणमा परेका समुदायलाई सामाजिक न्याय र मानवअधिकारमा पहुँच स्थापित गर्न सबैबाट पहलको खाँचो औँल्याउनुभयो।

मानवअधिकार, शान्ति र सुशासनका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको मधेश मानव अधिकार गृहको संस्थापक अध्यक्ष रवीन्द्रनाथ ठाकुरले विगतमा मानवअधिकार र शान्तिलाई केन्द्रमा राखिएकोमा अहिले अल्पसंख्यक सीमान्तकृत समूहको हकअधिकार प्राप्तिका लागि आफूहरुले वकालत गरिरहेको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "राज्यले दिएको न्याय र मानवअधिकारसँग सम्बन्धित आरक्षणमा आदिवासी, मधेसी र दलितभित्र विगतदेखि पहुँच स्थापित भएका माथिल्लोस्तरकाकै हालीमुहाली रहेकाले अब अवसरबाट वञ्चित अल्पसंख्यकलाई राज्यको मूलप्रवाहमा जोड्नपर्छ।"रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथुन | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-१ स्थित हटियामा छठ पर्वमा आवश्यक पर्ने बाँसका भाँडाकुँडा छिट्टी, ढकिया, मौनी, पौती, छितनी र कोनियालगायतका किनमेल गर्दै स्थानीय । *तस्बिर : रासस*

# खाँडो जीता नदीमा पुल नहुँदा आवतजावतमा समस्या

सप्तरी । यहाँको तिलाठी कोइलाडी गाउँपालिका- १ स्थित नाकाबाट स्थानीयवासी दैनिक सयौँको संख्यामा भारतीय बजार जान्छन् । दैनिक उपभोग्य वस्तु खरिद तथा उता रहेका आफन्तकहाँ जाने यहाँका स्थानीयको मुख्य बाटो यही हो । यही नाकामा पर्ने खाँडो-जीता नदीमा पुल नहुँदा पैदलयात्रीलाई आवतजावतमा समस्या हुने गरेको छ ।

अन्य समयमा नदीमा कम पानी भएकाले जसोतसो ओहोरदोहोर गरिए पनि वर्षायामको बेला जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता रहेको तिलाठी कोइलाडी गाउँपालिका-१ का दिपेन्द्र यादवले बताउनुभयो ।'

"हाम्रो दिदिबहिनी भारत बिहे गरेर गएका छन्, उताका पनि यहाँ आएका छन्, साउन भदौमा बाढीले आवतजावत गर्नै सकिन्न", उहाँले भन्नुभयो, "तिलाठी, बेल्ही, सकरपुरा, विरपुर, लोखरमलगायत दर्जनौँ ठाउँका मान्छेले यही बाटोहुँदै हिँड्नुपर्छ, अर्को बाटो जाँदा १५/२० किमी घुमेर जानुपर्छ, पुल नहुँदा धेरै समस्या छ ।"

राजविराज भन्सार कार्यालय अगाडि चार दशकदेखि चचरी



(बाँसको पुल)बाट आवतजावत गरिन्थ्यो । पुल व्यक्तिगत लगानीमा बेल्हीका छेदी राय र उहाँपछि छोरा रामचन्द्र रायले बनाउँदै आउनु भएको थियो । नजिकका गाउँलेबाट पुल प्रयोग गरेबापत बर्सेनि धान, चामल, गहुँ लिने र टाढाका व्यक्तिले पुलपार गर्दा न्यूनतम शुल्क लिने गरिन्थ्यो ।

विसं २०७८ जेठमा चचरी बनाउन लाग्दा भारतीय सुरक्षाकर्मीले रोकेपछि चचरी पनि छैन् । "चचरी हुँदा त्यति समस्या थिएन् वर्षायाममा साइकल मोटरसाइकल तार्न सकिन्थ्यो", स्थानीयवासी बैजु साहले भन्नुभयो । भारतीय बजारबाट यस नाकाहुँदै आउने मालबाहक गाडी वर्षायाममा रोकिन्छन् । बाढीले विगत तीन दशकदेखि कटान हुँदा समस्या भएको तिलाठी कोइलाडी गाउँपालिका- १ का वडाध्यक्ष दिनेश्वर मिश्रको भनाइ छ । उहाँले यहाँ सङ्घीय सरकारले पुल निर्माण गर्नुपर्ने बताउनुभयो

उहाँले मितेरी पुलको अत्यन्तै आवश्यकता रहेको बताउनुभयो । "दुई देशबीचको मात्र सम्बन्ध छैन् यहाँ त परिवार-परिवार, व्यक्ति-व्यक्तिको सम्बन्ध छ, त्यसलाई थप मजबुत बनाउन पनि यी समस्या समाधान हुनुपर्छ", उहाँले भन्नुभयो ।रासस

# मिथिलाका शिल्पी माटामा खेल्दै, हाटबजारमा जतातत्तै माटाका भाँडा

महोत्तरी । दीपावली र छठको आगमनसँगै महोत्तरीसहित मधेशकाका हटियामा जतातत्तै माटाका भाँडा देखिन्छन् । सामान राख्ने तौला, दही जमाउने छ्यॉँची, पानी राख्ने घडा, बत्ती बाल्ने दियो, छ्यॉँची छोप्ने ढकन, र कलशका रूपमा प्रयोग हुने अम्खोरा र छठ पर्व लगत्तै सुरु हुने सामाचकेवा तथा त्यसबेला खेलिने हात्ती र खेलौनासहितका माटाका भाँडा हाटका आकर्षण बनेका छन् ।



मिथिला परम्परामा माटाका भाँडावर्तन शुद्ध हुने विश्वास तथा प्रयोग गरिने प्रचलनले यी पर्वमा बस्तीपिच्छेका बजारमा उत्साहपूर्वक क्रयविक्रय जारी छ । अन्य पर्वका बेला प्रायः नदेखिने कुम्भकारहरू पनि छैटका बेला नयाँ उमङ्गका साथ बजारमा भेटिन्छन् । उनीहरूका हात साँझबिहान निरन्तर चक्रमा व्यस्त छन् । कतिपय ग्राहकले पेस्की दिएर भाँडा बनाइ दिन माग गरेका छन् । यस्ता ग्राहकको फर्माइस र बजारमा भाँडाको माग बढेपछि अहिले कुम्हाललाई दोमट माटो खोजेर ल्याउने, धुल्याउने, मुछ्ने र थरिथरिका भाँडा बनाउन चक्र घुमाउन भ्याइनभ्याइ छ ।

"कि करु हजुर, अखैन सिजन अई, फेरु दिवाली, छठके बाद त हमरासबके खोजबाला कोई नई रहत, ताहीद्वारे आन सब काम छोडक बर्तन बन्बमे लागल छी"( के गरौं हजुर, अहिले यी भाँडाको बेला छ, दीपावली/छठपछि हामीलाई खोज्ने कोही हुँदैनन्, त्यसैले अहिले अरु सबै काम छाडेर भाँडा बनाउन जुटेका छौं) औरही नगरपालिका-४ श्रीपुर कविलाशाका ५० वर्षीय सुरेश पण्डित कुम्हाल भन्नुहुन्छ ।

केही दशकअघिसम्म दैनिक प्रयोजनमा प्रयोग हुने माटाका भाँडा अब यहाँका भान्सामा देखिन छाडेका छन् । माटाका भाँडामा राखिएका सामग्री शुद्ध रहने विश्वास कायमै रहेपनि यी सानो ठक्करमै वा झरेर प्याट्ट फुट्ने भएपछि आम उपभोक्ताले अब दैनिक प्रयोजनका धातु र प्लाष्टिकका भाँडा प्रयोग गर्न थालेका छन् । अन्यबेला खासै प्रयोगमा आउन छाडे पनि दीपावली र छठमा यिनै भाँडा प्रयोग गर्नपर्ने धार्मिक मान्यता र विश्वासले अहिले यस भेगका सबै हाट र बस्तीबस्तीमा माटाका भाँडाका छुट्टै बजार जमेका हुन् ।

वैदिक परम्परा, धार्मिक मान्यता र पवित्रताको भावले गर्दा दीपावली र छठमा माटाका भाँडाको प्रयोगले निरन्तरता पाउँदै आएको मिथिलाका संस्कृतिविद् को धारणा छ । पर्वअनुष्ठानका सबै विधिका सामान राख्न नयाँ भाँडा प्रयोग गरिनुपर्ने स्थापित परम्पराले अहिले माटाका भाँडाको माग हुने गरेको संस्कृतिविद् एवं साहित्यकार जलेश्वर नगरपालिकाको बखरी बस्तीका बासिन्दा ८५ वर्षीय महेश्वर राय बताउनुहुन्छ ।

हाल पर्वविशेषमा बिक्री हुने भाँडाकै आर्जनबाट आफ्नो चाडपर्व धान्नसँगै वर्षभरिको नगद खर्चको जोहो गरिन पर्ने हुँदा सपरिवार यसै काममा जोतिनु परेको भङ्गाहा-५ भूचक्रपुरका सीताराम पण्डित कुम्हाल बताउनुहुन्छ । "पहिले हाम्रो गुजाराको पेसा नै यही थियो, अबभने दैनिक आवश्यकतामा प्लाष्टिक र अन्य धातुका भाँडाको प्रयोग बढेपछि चाडपर्वमा खुम्चिएका छौँ" सीताराम भन्नुहुन्छ, "वर्षभरिको गुजारा नै त हैन, थोरथार नगद खर्चको जोहो र चाडपर्वको खर्च भने अहिलेको मेहनतले धान्छ ।"

दीपावली र छठ पर्वका अवसरमा महोत्तरीका १५ वटा स्थानीयतहका बजारमा पछिल्ला तीन वर्षको खरिदबिक्री सालाखाला ५० लाख सेरोफेरोको कारोबार हुने गरेको महोत्तरीका उद्योग वाणिज्य सङ्घका पदाधिकारी बताउँछन् ।

विगतका आठ गाविस समेटेर बनेको जिल्लाको सबैभन्दा बढी भूगोल र जनसंख्या ओगटेको बर्दिबास नगरक्षेत्रमा १५ लाख हाराहारीमा माटाका भाँडाको कारोबार भएको बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का बताउनुहुन्छ ।रासस

# 'दुखियाको हाँसोमा ईश्वरको बास'

जलेश्वर । वर्षभरि विभिन्न दुःख, पीडा र आर्थिक समस्यासँग जुध्दै आएको कुरा सुनाउँदै हिँड्ने जलेश्वर नगरपालिका-१ का रामजी डोम अहिले आफ्नै घर अगाडि मुसुमुसु हाँस्दै हातमा बाँस र बेंतका भाँडाकुँडा बनाउँदै गरेको भेटिन्छन् । उहाँसहित उहाँका छोरा, नाति र घरका अन्य महिला पनि प्रसन्न मुद्रामा आपसमा विभिन्न कुराकानी गर्दै हातहातमा बाँस र बेंतको भाँडाकुँडा बनाइरहेको दृश्य हेर्दा जो कोहीलाई पनि खुसी हुन्छ । सायद यसैले भनिन्छ, 'दुखियाको हाँसोमा ईश्वरको बास हुन्छ ।' हो यस कुरालाई छठपर्वको बेला बाँस र बेंतबाट डालो, नाङ्लो र टपरी बनाउन जुटेका महोत्तरीका डोम समुदायले चरितार्थ गरेको छ । अधिकांश तराईबासीको प्रमुख पर्वको रुपमा रहेको छठको तीन साता मात्रै बाँकी रहेको बेला सधैँ खान, लाउन धौधौ पर्ने डोम जातिको मुहारमा पनि हाँसो र मनमा उल्लास छाएकाले साँच्चिकै ईश्वरको बास दुखियाको हाँसोमा रहेको देखिन्छ ।

गरिबी र विपन्नतामा पिल्सिएका वर्षैभरि गाउँगाउँमा सुङ्गुर डोऱ्याएर चहार्ने महोत्तरीका डोम समुदायलाई अहिले छठपर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टालुटपरी बनाउन भ्याइनभ्याइ भएको छ । गाँस, बास र कपासकै जोरजाममा हम्मेहम्मे पर्ने गरेको डोमहरुले छठपर्व आउनासाथ कात्तिक महिनाभर आफ्ना जीवनका हरेक दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने सौभाग्य प्राप्त भएको मनरासिस्वा नगरपालिकाका- ५७ वर्षीय हरिदेव डोमले बताउनुभयो ।

गाउँ, सहरमा हुने भोजभतेरबाट जुठोसमेत ल्याएर स-परिवार खाने गरेको डोमले कात्तिकमा नानाथरिका परिकार पकाएर खाने गरेको सोही ठाउँकी ६२ वर्षीया मरनी डोमिनले बताउनुभयो । डालो बुन्दै गरेकी जिल्लाको गौशाला नगरपालिकाकी ७० वर्षीया घुरनी डोमिनले गहभरि आँशु लिएर भन्नुभयो, "कात्तिक लाग्नेबितिक्कै घरका बच्चादेखि बुढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालुटपरी बनाउनमा तल्लीन हुन्छौँ भने



बजारमा बेच्दा राम्रै आम्दानी हुने भएकाले हामी निकै खुसी हुन्छौँ ।" तर वर्षभरि काम नपाउने हुँदा फेरि केही दिनपछि उनीहरुको दुःख सुरु हुन्छ ।''छठपर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्गलो र टालु टपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्दछ । सम्सी गाउँपालिकाका ६५ वर्षीय बेचना डोमले आफूहरु सोही कारण दिनरात व्रतालुहरुको निम्ति बाँसका भाँडा बनाउने गरेको सुनाउनुभयो ।

त्यस्तै जिल्ला सदरमुकाम जलेश्वर नगरपालिकाका इन्दल डोमले डालो, नाङ्लो र टालुटपरी बेचेर कात्तिकमा वर्षभरिकै सबै ऋण चुक्ता गरेर केही रकम बचाउने गरेको बताउनुभयो ।

जिल्लाको भङ्गहा नगरपालिकाका सिरिया डोमका अनुसार घरका बालकदेखि बुढासम्मले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति ५०/६० देखि ७०/८० हजार र प्रत्येक परिवारले दुई/तीन लाखको हाराहारीमा आम्दानी गर्ने गर्दछन् । यतिबेला जिल्लाको प्रत्येक पालिकाको गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन् । दिनदिनै छठपर्व मनाउनेहरुको स॓ञ्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम जातिलाई भ्याइनभ्याइ भएको छ ।

पछिल्लो केही वर्षदेखि तराईमा मात्रै नभएर देशको राजधानी काठमाडौँसहित पोखरा, हेटौँडाजस्ता पहाडी क्षेत्रमा पनि छठपर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने गरेको छ ।

छठपर्वको बेला महोत्तरीको विभिन्न १५ वटै पालिकामा उत्पादन गरिएको बाँस र बेंतका भाँडाकुँडा छठको बेला नेपालको राजधानी काठमाडौँसहित पोखरा, हेटौँडा, चितवन, बुटबल, धरान जस्ता पहाडी क्षेत्रका साथै भारतको मधुबनी, दरभङ्गा, सीतामढी, मुजफ्फरपुर र पटनासम्म पुग्ने गर्दछ ।

मिथिलाको प्रमुख पर्वको रुपमा रहेको छठपर्वका लागि प्रत्येक परिवारले अहिलेदेखि डोमको आँगन र पिँढीमा बाँस र बेतबाट बनेको भाँडाकुँडा खरिद गर्नका लागि पुग्न थालेको बताउँदै औरही नगरपालिकाका सुरेश डोमले आफू परिवारसहित राति अबेरसम्म काम गरेर बाँसका र बेंतका भाँडाकुँडा बनाउने गरेको बताउनुभयो । छठ व्रत सुरु हुनुदेखि अन्त्य हुनुसम्म छठव्रत मनाउने प्रत्येक परिवारले पूजा सामग्री तथा पूजाप्रसाद प्रयोग गर्न डोमले बनाएकै बाँसका भाँडाकुँडा प्रयोग गर्नुपर्ने हुन्छ । यस पर्वमा सूर्य देवतालाई चढाइने प्रत्येक वस्तु (प्रसाद) बाँस र बेतकै भाँडाकुँडामा राख्नुपर्ने प्रचलन रहेको र ती सामग्री डोम समुदायका व्यक्तिले नै बनाउने हुँदा उनीहरुको जीवनस्तरमा सुधार ल्याउने माध्यम बनेको पिपरा गाउँपालिकाका सुरेश डोम बताउनुहुन्छ । डोम समुदायले छठ पर्वको भाँडाकुँडा बनाएर व्रतालुलाई एकातिर सहयोग पुऱ्याएका छन् भने अर्कोतिर आर्थिक उपार्जन पनि भइरहेको छ ।

यसैबीच डोम समुदायका युवाहरुले आफूले छठपर्वको बेला बाँस र बेंतबाट उत्पादन गरेको डालो, नाङ्लो, ढकिया, कोनिया जस्ता भाँडाकुँडाको व्यापार छठपर्वको बेला मात्रै चल्ने भएकोप्रति चिन्तित हुँदै यसको वर्षभरिको बजारीकरणको लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँगसमेत माग गरेका छन् । यस पर्वपछि पुनः उनीहरु आफ्नो पैतृक पेसा सुङ्गुर पालनमै लाग्नुपर्ने बाध्यता रहेकाले उनीहरुले आफ्नो यस (बाँस र बेंतबाट भाँडाकुँडा बनाउने) पेसालाई वर्षभरि सञ्चालन पेसाको रुपमा विकास गरिदिएमा आफ्नो समुदायको जीवनस्तरमा सुधार आउने उनीहरुको विश्वास रहेको छ ।

महाभारतका अनुसार द्रौपदीसहित पाण्डवहरु अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डवहरु मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ ।

लोक कथनबमोजिम सोही समयदेखि सम्पूर्ण मिथिला क्षेत्रमा छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य उपासना परम्पराको मोहक पद्दति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक छठपर्व पोखरी, नदी, तलाउ र अन्य जलाशयमा मनाउने गरिन्छ । धार्मिक आस्थाका साथै सामाजिक सद्भावको रुपमासमेत विकसित छठपर्व हिन्दूको सँगसँगै मुस्लिमहरुले पनि मनाउने गर्छन् ।रासस

# डेढ महिनाभित्रमा पाइपलाइनबाट पेट्रोल आयात हुँदै

वीरगञ्ज । नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइनबाट अबको डेढ महिनमा पेट्रोल पनि आयात हुने भएको छ ।

मोतीहारी-अमलेखगञ्ज परियोजनाअन्तर्गत नेपाल आयल निगमले गत असोज १७ गते पाँच हजार पाँच सय किलोलिटर पेट्रोल पाइपलाइनबाट ल्याएर प्राविधिक परीक्षण गरिरहेको छ । अमलेखगञ्जस्थित निगम प्रादेशिक कार्यालयका प्रमुख प्रलयङ्कर आचार्यले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको पूर्वाधार निर्माण पूरा भएसँगै परीक्षणको काम पारम्भ भएको जानकारी दिनुभयो ।

"दोस्रो चरणअन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबै काम पूरा भएको छ", उहाँले भन्नुभयो, "गत असोज १७ गते पाइपलाइपबाट परीक्षणका लागि पाँच हजार पाँच सय किलोमिटर पेट्रोल ल्याएर जडान भएका उपकरणको प्रभावकारिताको परीक्षण गरिरहेका छौँ । सम्भवतः डेढ महिनाभित्रमा परीक्षण पूरा गरेर डिजेलजस्तै पेट्रोल पनि व्यावसायिक रुपमा पाइपलाइनबाटै ल्याइनेछ ।"

परियोजनाको दोस्रो चरणअन्तर्गत ४१ सय किलोलिटर




क्षमताका दुईवटा पेट्रोलका ट्याङ्कीलगायत पूर्वाधार निर्माण सम्पन्न भइसकेका छन् । "निगमले दोस्रो चरणको परियोजनाअन्तर्गत निर्माण गरेका उपकरण तथा पूर्वाधारको प्राविधिक जाँचको कामलाई तीव्रता दिइरहेको छ । दोस्रो चरणअन्तर्गत जडान भएका पेट्रोलका ट्याङ्की, मोटर, पम्प, पाइपलाइन, स्वचालित पेट्रोल भर्ने स्टेशनलगायत प्राविधिक पक्षको पनि परीक्षण भइरहेको छ ।" कार्यालय प्रमुख आचार्यले राससँग भन्नुभयो ।

निगमकाअनुसार पेट्रोल पाइप लाइनबाट ल्याएसँगै ढुवानी खर्चको लागत प्रतिलिटर रु तीनका दरले एक अर्ब जोगिने छ । "हाल पेट्रोल र मट्टितेल भारतको बरौनीबाट ट्याङ्करमा ढुवानी गर्दै आएको छ", उहाँले भन्नुभयो, "पाइपलाइनबाट पेट्रोल ल्याउँदा ढुवानी खर्च र वातावरण प्रदूषण दुवै जोगिनेछ ।" डिजेल भने पाइप लाइनबाटै आयात भइरहेको छ ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, 'फायरफाइटिङ सिस्टम'को स्तरोन्नति, 'आयल वाटर स्प्रे', 'पिएमससिसी रुम'लगायत पूर्वाधार निर्माण भएको छ । अमलेखगञ्जमा निगम र भारतीय पक्षले विभिन्न पूर्वाधार निर्माणको जिम्मेवारी पाएको थियो । निगमले दोस्रो परियोजना कार्यान्वयनका लागि एक अर्ब ५४ करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको पेट्रोलको ट्याङ्क, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति र २४ वटा पूर्णरूपमा स्वचालित पेट्रोल भर्ने स्टेसन निर्माणको काम अघि सारेको थियो ।

इन्डियन आयल कर्पोरेसन लिमिटेडले पनि ६० करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको ट्याङ्क, दुई सय ५० किलोलिटर क्षमताको दुईवटा ट्रान्समिक्स ट्याङक, तीन हजार किलोलिटर क्षमताको दुईवटा फायरवाटर ट्याङ्क निर्माणको जिम्मेवारी लिएको थियो । सन् २०१५ मा पाइप लाइन विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरेर दुई अर्ब ७५ करोड भारु लाग्ने अनुमान गरिएको थियो । सो योजनाअनुसार पहिलो चरणमा भारतीय पक्षले दुई अर्ब भारु र दोस्रो चरणमा नेपालको तर्फबाट ७५ करोड भारु खर्च गर्ने योजनो थियो ।

पहिलो चरणको पूर्वाधार निर्माणमा योजनामा भारतको तर्फबाट दुई अर्ब भारु खर्च भए पनि दोस्रो चरणको काम तत्कालै सुरु हुन सकेन । दोस्रो चरणको पाइप लाइन विस्तारको लागत बढेर भारु एक अर्ब ५४ करोड पुगेको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# दल विभाजन नगर

सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अन्य दल विभाजनका लागि अध्यादेश ल्याउने तयारी गरेका छन्। नेकपा एस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को विभाजन र जनता समाजवादी पार्टी (जसपा) नेपालबाट विभाजित भएको अशोक राईको समूहलाई बैधता दिन प्रधानमन्त्री ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याउने तयारी गरेका छन्। दल विभाजन सम्बन्धी सहज अध्यादेश ल्याएर एमाले दोस्रो ठूलो दलभन्दा पहिलो ठूलो दल बन्न हतार गरेको छ। नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओली यतिखेर चौतर्फी रुपमा आलोचित भइरहेका छन्। सरकारको नेतृत्व गरेको सय दिन निराशजनक रहेको, अनेकौं विवादाष्पद कामहरुमा संलग्न रहेको, पार्टी कार्यालय निर्माणका लागि अत्यन्त विवादाष्पद र कयौं मुद्दामा आरोपित रहेका भाटभटेनीका सञ्चालक मिनबहादुर गुरुंगसित जग्गा दान लिएर कार्यालय भवन समेत बनाउन लगाउने निर्णयले ओली विवादमा परेका छन्। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री रहिरहन तत्कालीन सत्ता साझेदार ओलीको प्रभावमा जसपा नेपालको विभाजन गराएका थिए। प्रचण्डको राजनीतिक रुपमा बलियो समर्थक रहेको उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल विभाजन गराए पछि दुवै दुई धारमा छन्। प्रचण्डलाई यादवले विश्वास गर्न छाडिसकेका छन्। अहिले प्रचण्ड अत्यन्त कमजोर देखिनुको प्रमुख कारण पनि यादवको साथ नपाउनु नै हो। प्रचण्डलाई प्रधानमन्त्री बनाउन र ओलीलाई सत्ताच्युत गर्ने खेलहरुमा यादवको निर्णायक भूमिका थियो। प्रचण्डले गरेको जस्तो गल्ती नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले कुनै हालतमा दोहऱ्याउने छैनन्। लोकतन्त्रका लागि सदैव लडेका देउवाले अलोकतान्त्रिक कार्यमा ओलीले सघाउने छैनन्। दल विभाजनबाट ओलीलाई तत्काल फाइदा भए पनि समग्रमा लोकतन्त्र र कांग्रेस सहितको अन्य दलहरुलाई ठूलो क्षति मात्र हुनेछ। दलबदलले राजनीतिक अस्थिरता निम्त्याउँछ। हुन त अहिले देशको न्यायालय, संवैधानिक निकाय र राज्य संयन्त्र विवादित छन्। सरकारको चाहना पुर्तीको निकाय बनेको आरोप लागेको छ। यसले देशमा विद्रोह हुन सक्ने सम्भावनालाई बढाउन थालेको छ। नेकपा एमाले र कांग्रेस गठबन्धनको सरकारले जनअपेक्षा अनुसारको काम गर्न सकेको छैन। त्यसबाट पनि जनतामा चरम असन्तुष्टि देखिएको छ। स्वतः विद्रोह हुने सम्भावना कमजोर रहे पनि राजनीतिक दलहरुले सडक संघर्षमा उत्रे विद्रोह नहुने भन्न सकिदैन। देशमा विभिन्न शक्तिहरु सक्रिय छन्। यस्तो परिस्थितिमा कांग्रेसले सुझबुझका साथ अगाडि बढ्नु पर्छ।

# संघीयतामा संघीय कर्मचारीकै हालीमुहाली



अजय सुवेदी

हिजो एकात्मक राज्य प्रणाली रहँदा 'स्थानीय स्वायत्त शासन ऐन- २०५५' ले स्थानीय निकायलाई आफैं कर्मचारी पदपूर्ति गर्ने अधिकार दिएको थियो, तर आज स्थानीय निकाय सरकार बनेका छन्, प्रशासकीय स्वायत्तता भने प्रदेश र संघले हरण गरेका छन्।

संविधानमा तीन तहको सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न छुट्टाछुट्टै सरकारी सेवाको परिकल्पना गरिएको छ। संविधानको धारा २८५ ले संघको हकमा संघीय निजामती सेवा, प्रदेशको हकमा प्रदेश निजामती सेवा र स्थानीय सरकारका लागि स्थानीय सेवाको व्यवस्था गरेको छ। यी विषय संविधानका अनुसूचीमा समेत लिपिबद्ध गरी स्पष्ट पारिएको छ।

हामीकहाँ प्रदेश सरकार र स्थानीय सरकारका प्रशासनिक प्रमुख पद संघीय निजामती सेवाबाट परिपूर्ति गर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ जस्ता ऐनले सोही व्यवस्था गरेका छन्।

यद्यपि संघीय सरकारका निकायले साबिक एकात्मक राज्य संरचनाझैं गरी जिल्लामा रजगज गरिरहेका छन्। संघीयता कार्यान्वयन हुने समयमा एकाध कार्यालय (जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, कोष तथा लेखा नियन्त्रक कार्यालय, सरकारी वकिल कार्यालय) बाहेक कुनै पनि कार्यालय संघले खडा नगर्ने, भएका अन्य कार्यालयको प्रकृति र आवश्यकताका आधारमा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने भनिएको थियो, तर त्यसको पूर्ण कार्यान्वयन भने गरिएन।

अहिले प्रदेशको प्रमुख सचिव, प्रदेश मन्त्रालयको सचिव, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी र जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीजस्ता नेतृत्वदायी पदहरू संघीय सरकारले ओगटेर बसेको छ।

केवल सहकारी डिभिजन कार्यालयहरू र महिला विकास कार्यालय मात्र स्थानीय तहलाई हस्तान्तरण गरियो। यस्तै कृषि र पशुसम्बद्ध कार्यालयहरू प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो। वन कार्यालयहरूका हाकिम कसको राख्ने भन्ने सम्बन्धमा प्रादेशिक सरकार र संघीय सरकारबिच विवाद यथावत् छ। सिँचाइ र खानेपानीसम्बन्धी कार्यालय प्रदेशलाई हस्तान्तरण गरेकामा संघीय सरकार पछुतोमा छ। त्यसकारण सडक सम्बद्ध योजना र कार्यालय अब प्रदेश र स्थानीय तहलाई हस्तान्तरण नगर्ने भन्ने निष्कर्षमा संघीय सरकार पुगेको देखिन्छ। त्यसको छनक उसले काठमाडौं महानगर पालिकासँग बखेडा झिकेर देखाइसकेको छ।

संघीयताविद् तथा राष्ट्रिय सभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाले राष्ट्रिय सभामा रहँदा संघले प्रदेशभन्दा मुनि संरचना विस्तार गर्न नहुने र प्रदेशले जिल्लाभन्दा तल गएर संरचना विस्तार गर्न नहुने बताएका थिए, तर त्यसको विपरीत प्रदेश सरकार संघीय सरकार गएको प्रस्ट देखिन्छ। संघीय सरकारले त प्रदेश सरकार र स्थानीय सरकार तल छन् भन्ने हेक्का समेत गरेको देखिँदैन। योजना तर्जुमा होस्, वा अरु कार्यालय स्थापना गर्ने, कर्मचारी दरबन्दी थप्ने मामिला होस्, यस्ता रबैया संघीय सरकारका तर्फबाट देखिँदै आएको छ।

### संघीय कर्मचारीतन्त्र

कर्मचारी समायोजन गर्ने क्रममा प्रशासन मामिलाका जानकारहरूका अनुसार संघीय तहमा २५ हजार कर्मचारी भए पुग्ने आकलन गरिएको थियो। किनकि साबिक एकात्मक शासन प्रणालीमा रहेका कार्य जिम्मेवारीमध्ये दुईतिहाइ संविधानतः प्रदेश र स्थानीय तहमा गएपछि स्वाभाविक हिसाबले कर्मचारीतन्त्रको आकार पनि सोही दुईतिहाइले कटाउनुपर्ने उनीहरूको मत थियो, तर अहिले संघीय तहमा ५३ हजार कर्मचारीको दरबन्दी सिर्जना गरिएको छ।

कार्य जिम्मेवारीको गुरुत्व प्रदेश र अझ बढी स्थानीय तहमा सरेको छ। विडम्बना त्यहाँ कर्मचारीको अभावले गर्दा सेवा प्रवाह नै अस्तव्यस्त बनिरहेको छ। जिल्लास्थित संघीय कार्यालय (मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालयबाहेक)को खास काम देखिँदैन। गाउँपालिकामा विषयगत शाखामा आठौं तहका अधिकृत बहाल हुन्छन्, तर तीनको हाकिम संघीय सरकारले सातौं तह बराबरका शाखा-अधिकृत पठाइदिन्छ।

यहाँनेर जिल्लास्थित नापी कार्यालय र मालपोत कार्यालयहरू संविधान र कानुन बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषय हुन्। संघीय सरकारले हस्तान्तरण गर्न नचाहेर उक्त कार्यालय अझै पनि संघ मातहत रहेका छन्। जिल्ला प्रशासन कार्यालयका विषयमा अझ विवाद छ, मधेसवादी दलहरूले यो संविधानले नचिनेको कार्यालय खारेज गर्नुपर्ने माग गरेका छन् भने कतिपय जानकारले यो प्रदेश सरकार मातहत रहनुपर्ने बताउँदै आएका छन्। संविधानको अनुसूची ६ अन्तर्गत प्रदेशको एकल अधिकार सूचीमा प्रदेश प्रहरी र शान्ति सुरक्षा रहेको छ।

### संघीय सरकारको हालिमुहाली

अहिले प्रदेशको प्रमुख सचिव, प्रदेश मन्त्रालयको सचिव, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी र जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीजस्ता नेतृत्वदायी पदहरू संघीय सरकारले ओगटेर बसेको छ। अझ उनीहरू प्रदेश र स्थानीय तहमा कामकाजमा आउन पाउने प्रावधान राखी त्यसको भरपूर उपयोग गरिरहेको देखिन्छ, तर प्रदेशका कर्मचारीलाई संघमा र स्थानीय तहका कर्मचारीलाई प्रदेश र संघमा कामकाजमा जान भने बन्देज लगाइएको छ। संघबाट कामकाजमा खटी आउने कर्मचारी प्रदेश र स्थानीय सरकारहरूप्रति जवाफदेही हुने त कहाँ हो कहाँ, संघीयताको आवश्यक नै छैन भनेर लाजमर्दो र नैतिकताविहीन तर्क समेत अनौपचारिक रूपमा व्यक्त गर्न पछि पर्दैनन्।

> संघीय सरकारले प्रदेश र स्थानीय तहमा नियन्त्रण वा निर्देशन गर्ने होइन समन्वय, सहकार्य र सहजीकरण गर्नुपर्छ। स्रोत-साधनको हस्तान्तरण, कर्मचारी व्यवस्थापन र कार्यक्रम तथा बजेट निर्माणमा केन्द्रको हस्तक्षेप रहेको छ, यसलाई सच्चाउनुपर्छ। किनकि प्रदेश र स्थानीय तह संघको अधीनस्थ होइनन्। संविधानको अधिकार क्षेत्र प्रयोग गर्नमा तीनै तहका सरकार स्वतन्त्र र स्वायत्त छन्।

घोषित रूपमा उनीहरू यो समेत भन्न पछि पर्दैनन्– प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास हुन सकेन, त्यसकारण पुँजीगत खर्च सेवा प्रवाहजस्ता कार्यले गति लिन सकेनन्। उनीहरू नै प्रदेश र स्थानीय तहको ड्राइभिङ सिट अर्थात् नेतृत्वदायी भूमिकामा बसे, तर जिम्मेवारी र जवाफदेहिता वहन गर्न चुकेको देखिन्छ र यस्ता खालका तर्कहरू अनैतिक नै हुन्।

संघीय कर्मचारीले प्रदेश र स्थानीय तहमा प्रशासन संयन्त्रलाई संस्थागत हुन दिएका छैनन्। प्रदेश लोकसेवा आयोगले रिक्त दरबन्दीका लागि पठाउने माग फाराममा रिक्त पद लुकाउने गरिन्छ। उक्त पदहरू खाली राख्यो भने त्यसमा आफू कामकाजका लागि आउन पाइने; गाडी, घोडा, आवास अन्य सुविधामा राज गर्न पाइने उनीहरूको लोभ देखिन्छ।

स्थानीय र प्रदेश सरकारलाई संघीय सरकारको पेलाई यतिसम्म छ कि कर्मचारीको वैयत्तिक विवरण राख्नका लागि गठन भएका प्रदेश निजामती किताब खानालाई आवश्यक प्रणाली हस्तान्तरण गर्न संघले मानेको छैन। जसका कारण २०७८ पछि सातवटै प्रदेश लोकसेवा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहमा नियुक्त भएका कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) राख्ने काम हुन सकेको छैन।

### नगन्ने प्रवृत्ति

प्रदेश र स्थानीय तहका कर्मचारीलाई संघीय सरकारले कर्मचारीको दर्जाभित्र समेत राखेको देखिँदैन। गाउँपालिकामा विषयगत शाखामा आठौं तहका अधिकृत बहाल हुन्छन्, तर तीनको हाकिम संघीय सरकारले सातौं तह बराबरका शाखा-अधिकृत पठाइदिन्छ।

प्रशासनमा पद सोपानको विशिष्ट महत्त्व हुन्छ, त्यसलाई कडाइका साथ पालना गर्नुपर्छ भन्ने मान्यता हुन्छ। यसलाई मध्येनजर गरेर हुन सक्छ, दुई वर्षअगाडि संघीयता कार्यान्वयनसम्बन्धी एक संसदीय समितिले गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत नवौं तहको अधिकृतलाई खटाउनुपर्ने सुझाव सरकारलाई दिएको थियो। संघीय सरकारले प्रमुख प्रशासकीय अधिकृत पठाउँदा शाखाअधिकृत मातहत उपसचिव रहने गरी पठाएको लाजमर्दो समाचार समेत केही समय अगाडि प्रकाशनमा आएको थियो। संघीय सरकारको कर्मचारी खटनपटनमा ठेक्का लिएर बसेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय यस विषयमा निकै संवेदनशील बन्न सकेको छैन।

फिल्डमा पनि संघीय सरकारका अधिकारीले प्रदेश र स्थानीय तहका कर्मचारीलाई तल्लो दर्जाको कर्मचारीका रूपमा व्यवहार गरेको देखिन्छ। बाग्मती प्रदेशले एक वर्षअगाडि प्रदेश निजामती ऐन अनुसार केही कर्मचारीलाई प्रदेश सरकारको सचिवमा बढुवा गर्ने काम गऱ्यो, तर उनीहरू मन्त्रालयको सचिवको रूपमा पद बहाली नगरी कार्यालय प्रमुख भएर थन्काइएका छन्।

### गिजोलिएको कर्मचारीतन्त्रको संघीयकरण

२०७४ सालमा सम्पन्न भएका तीनै तहको चुनावपछि संघीयता कार्यान्वयनमा आयो। राजनीतिक संघीयता र वित्तीय संघीयताले आशातीत रूपमा गति लिएको छ। यी दुवै प्रकारको संघीयतालाई चलायमान बनाउने प्रशासनिक संघीयता भने रुमलिएको देखिन्छ।

हालको निजामती प्रशासन साबिकको एकात्मक शासन प्रणालीको निजामती सेवा ऐन, २०४९ अनुसार सञ्चालित छ। यो ऐन संघीयता अनुकूल परिवर्तन हुन सकेको छैन। संघीय निजामती सेवा ऐन जारी नहुँदा प्रशासनिक संघीयता लागु हुन सकेको छैन।

संघीय निजामती सेवा ऐन जारी गर्ने मूल दायित्व राजनीतिक नेतृत्व अर्थात् प्रधानमन्त्री वा विभागीय मन्त्रीको हो, तर स्वार्थकेन्द्रित प्रशासनिक नेतृत्त्वले राजनीतिक नेतृत्त्वलाई गुमराहमा राखी यो कार्य अगाडि बढ्न दिन सकेन। कर्मचारी समायोजनपश्चात् पाँच थान प्रधानमन्त्री करिब दर्जन जति विभागीय मन्त्री आए तर यस विधेयकलाई निष्कर्षमा पुऱ्याउन सकेनन्।

संघीय निजामती सेवा विधेयक अलपत्र परेसँगै प्रदेश सरकारहरूले जारी गरेका कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन कार्यान्वयनमा आउन सकेका छैनन्। अवकाश हुने कर्मचारीलाई प्रदेश र स्थानीय तहले बढुवा गरेको पद बमोजिमको पेन्सन दिन सक्दैनौं भनी संघीय सरकारको राष्ट्रिय किताबखानाले आनाकानी गर्दै आएको छ। फलस्वरूप आज समायोजन भएर प्रदेश र स्थानीय तहमा आएका कर्मचारीहरू प्रदेश कानुनबमोजिम पाएको बढुवा तथा स्तरवृद्धिसम्बन्धी सुविधा लिने कि नलिने भन्ने दोधारमा छन्। उक्त सुविधा लिएका कर्मचारीले पेन्सन पाउने कि नपाउने हो भन्ने तनाव लिएर काम गर्न बाध्य छन्। बाग्मती प्रदेशले प्रदेश निजामती सेवा ऐन अनुसार सचिवमा बढुवा गरेका कर्मचारीले मन्त्रालय पाउन सकेका छैनन्। उनीहरू कार्यालय प्रमुखमा चित्त बुझाउन बाध्य भएका छन्।

### समाधानका उपाय

प्रशासनिक संघीयताको जाम खुलाउने बल संघीय सरकारको हातमा छ। संघीय सरकारले अभिभावकीय रूपमा प्रस्तुत हुन जरुरी छ। यसका लागि निम्न कदम चाल्न सकिन्छ।

पहिलो, विगत सात वर्षदेखि गिजोलिएको संघीय निजामती सेवा विधेयकलाई फास्ट ट्र्याकबाट पारित गरिनुपर्छ। यद्यपि यसमा थुप्रै कमजोरी छन्, तिनलाई यथाशक्य सुधार गरिनुपर्छ। यसबाट प्रशासनिक संघीयताको पहिलोद्वार खुल्छ।

दोस्रो, आगामी दिनमा प्रदेश मन्त्रालयको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद क्रमशः प्रदेश निजामती सेवा र प्रदेशस्तरको स्थानीय सेवाबाट रहने व्यवस्था कानुनमा हुनुपर्छ। संघबाट प्रदेशमा प्रमुखसचिव र जिल्ला समन्वय अधिकारी मात्र खटनपटन गरिनुपर्छ। संघीय सरकारले भन्ने गरेको समन्वय र सहकार्य उनीहरूले नै गर्छन्। यसो भएमा प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको वृत्तिविकासका ढोका खुल्छन्। प्रदेश र स्थानीय तहमा नयाँ निर्माणको थालनीको ढोका खुल्छ। राजनीतिक संघीयता र वित्तीय संघीयताले आशातीत रूपमा गति लिएको छ। यी दुवै प्रकारको संघीयतालाई चलायमान बनाउने प्रशासनिक संघीयता भने रुमलिएको देखिन्छ।

तेस्रो, संघीय सरकारले प्रदेश र स्थानीय तहमा नियन्त्रण वा निर्देशन गर्ने होइन समन्वय, सहकार्य र सहजीकरण गर्नुपर्छ। स्रोत-साधनको हस्तान्तरण, कर्मचारी व्यवस्थापन र कार्यक्रम तथा बजेट निर्माणमा केन्द्रको हस्तक्षेप रहेको छ, यसलाई सच्चाउनुपर्छ। किनकि प्रदेश र स्थानीय तह संघको अधीनस्थ होइनन्। संविधानको अधिकार क्षेत्र प्रयोग गर्नमा तीनै तहका सरकार स्वतन्त्र र स्वायत्त छन्।

चौथो, नयाँ कार्यालय तथा त्यसको संरचना खडा गर्दा प्रदेश र संघीय सरकारले आवश्यक सावधानी अपनाउनुपर्ने देखिन्छ। संघीय सरकारले प्रदेशभन्दा तल संरचना विस्तार गर्न जरुरी छैन। प्रदेश सरकारले जिल्लाभन्दा मुनि संरचना विस्तार गर्नुपर्ने देखिँदैन। उदाहरणका लागि जिल्ला प्रशासन कार्यालय प्रदेश सरकार मातहत राख्ने, सबडिभिजन वन कार्यालय स्थानीय सरकारमा हस्तान्तरण गर्ने। प्रदेश सरकारले खडा गरेको घरेलु कार्यालय कतै पर्यटन तथा उद्योग कार्यालय समेत स्थानीय तहसँग दोहोरो हुने गरी खडा गरिएको छ, यस्ता कार्यालय खारेज गरिनुपर्छ।

(लेखक सुवेदी भिमाद नगरपालिकाका सातौं तहका अधिकृत हुन्।)

# व्यवस्थाले भन्दा बढी प्रविधि र विश्वको प्रभावले छिटपुट सुधार



डा. प्रकाशचन्द्र लोहनी

नेपालले निकै छोटो समयमा धेरै खालका व्यवस्थाको अभ्यास गरिसकेको छ। सायद संसारका कुनै मुलुकमा यसरी छिटोछिटो व्यवस्था नै फेरिने गरेको अभ्यास देखिँदैन। बेलायत, युरोपेली मुलुक, अमेरिकी, छिमेकी चीनकै कुरा गर्दा शताब्दीभन्दा बढी समय एउटै व्यवस्था अँगालेर अगाडि बढेका छन्। भारतले नै सात दशक हाराहारी एउटै व्यवस्थाको अभ्यासमा आफूलाई अगाडि बढाएको छ, तर हामी यो मामिलामा धेरै अपरिपक्व भयौं। थोरै केही मिलेन भने व्यवस्थै फेर्न लाग्यौं। २१औं शताब्दी र प्रविधिको यो युगमा राणाशासन ठिक थियो भन्न खोजेको होइन। तर जनतालाई अधिकार दिइएको अरू व्यवस्था पनि हामीले टिकाउन सकेनौं।

म खासगरी राजा महेन्द्रको उदयसँगै मुलुक आधुनिक युगमा प्रवेश गरेको ठान्छु। निर्वाचित सरकारलाई हटाएर शासनसत्ता हातमा लिने राजनीतिक विषयतिर म जान चाहन्नँ, यो बहसको अर्को पाटो हो। मुलुकलाई आर्थिक तथा सामाजिक रूपमा अगाडि बढाउन महेन्द्र सरकारका पाला जे भयो, त्यो अहिलेसम्म कसैले गर्न सकेको छैन। त्यो बेलाको सीमित स्रोत-साधनमा आर्थिक, भौतिक र सामाजिक विकासमा जे भयो, त्यो अद्भुत प्रगति हो।

तपाईंहरूले धेरै गाली गर्ने पञ्चायती व्यवस्थामै प्रत्येक गाविसमा माध्यमिक तहसम्मका विद्यालय खुलेका हुन्। विश्वविद्यालयको विकास त्यही बेला भयो। सायद तपाईंले पनि त्यही विद्यालय र विश्वविद्यालय पढ्नुभयो होला। स्वास्थ्य चौकीको अवधारणा त्यही बेला अभ्यासमा गएको हो।

गाउँगाउँसम्म, वडावडासम्म बजेट जाने परम्परा पञ्चायतमै सुरु भएको हो। सिंहदरबार, क्षेत्रीय कार्यालय, अञ्चल, जिल्ला हुँदै एउटा प्रणालीमा बजेट तल्लो तहसम्म पुग्थे। जनतालाई सेवा-सुविधा दिन वडावडासम्म सरकारी र जनप्रतिनिधि राखिएको थियो। सरकारी बैंकहरू हरेक जिल्ला र अधिकांश इलाकाको केन्द्रमा फैलिएका थिए। त्यो बेलाको इलाकाको अभ्यासलाई नै अहिले पालिकामा रूपान्तरण गरिएको हो। तपाईंहरूले धेरै गाली गर्ने पञ्चायती व्यवस्थामै प्रत्येक गाविसमा माध्यमिक तहसम्मका विद्यालय खुलेका हुन्। विश्वविद्यालयको विकास त्यही बेला भयो।

सायद तपाईंले पनि त्यही विद्यालय र विश्वविद्यालय पढ्नुभयो होला। स्वास्थ्य चौकीको अवधारणा त्यही बेला अभ्यासमा गएको हो। विमानस्थलदेखि पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग त्यही बेला बनेको हो। यसकारण मुलुकको अर्थ-सामाजिक विकासमा पञ्चायतको ३० वर्ष स्वर्णिम युग हो। अहिलेको जस्तो स्रोत-साधन, प्रविधि, यातायातको सुविधा भएको भए त्यो बेलाको आर्थिक विकास कति छिटो हुन्थ्यो होला।

सुशासनका हिसाबले पनि त्यो समय स्वर्णिम थियो। अहिलेजस्तो हाकाहाकी जनतालाई लुट्ने, घुस माग्ने, कार्यालयको काम नगरी बस्ने अवस्था त्यो बेला थिएन। नागरिकले तोकिएको सुविधा सहजै पाउँथे। कर्मचारी, नेता आदिलाई कम्तीमा माथिल्लो निकायको डर थियो। बर्खास्तीमा परिने, जागिर जाने, कारबाही हुने डर हुन्थ्यो। अहिले त जतातते सरकार छन्, कसैलाई कसैको डर छैन। जसले जे गरे पनि भएको छ। यसले मुलुकलाई अराजक बनाइरहेको छ।

समय र कालखण्डका हिसाबले तुलना गर्दा अहिले प्रगति भएको जस्तो देखिनु स्वाभाविक हो। त्यो बेला सडक यातायातको विकास भर्खर सुरु भएको थियो। केही जिल्ला सदरमुकाममा मोटरबाटो पुगेको थियो। बिजुलीको विस्तार भर्खर सुरु भएको थियो। सूचना प्रविधिको विकास त युरोप, अमेरिकामै सुरु भएको थिएन। अब अहिले म फेसबुक चलाएर नेतालाई गाली गर्न पाएको छु, त्यो बेला पाएको थिइनँ भनेर तुलना गर्न त मिलेन नि! हिजोका दिनमा स्वास्थ्य संस्था, प्रविधि, यातायात लगायतको सुविधा नहुँदा उपचार नपाउने अवस्था थियो। अहिले सबै भएर पनि पैसा नभए उपचार नपाउने अवस्था बनाइएको छ।

> व्यवस्थाले अर्थतन्त्र र समाजमा केही फरक पार्दैन भन्ने मेरो विचार होइन। यसले केही हदसम्म प्रभाव पार्छ, तर हाम्रो समाजले जसरी व्याख्या गरेको छ त्यो सत्य होइन। व्यवस्था चलाउने नेतृत्व सही भए जुन प्रणालीमा पनि मुलुकको प्रगति कसैले रोक्न सक्दैन। व्यवस्था फरक हुँदैमा सबै उलटफेर हुन्छ भन्ने हो भने गणतन्त्रमा नेपालीको अवस्था किन यस्तो छ?

यातायात सुविधा पर्याप्त नभएको, बिजुली नभएको, नागरिकको वैदेशिक यात्रा सुरु नै नभएको, सूचना प्रविधि नभएको त्यो बेला प्रतिव्यक्ति आय बढाउने उपाय नै थिएन। आम्दानीका स्रोत सीमित थिए। आममानिसका लागि आम्दानीको स्रोत भनेको कि शिक्षक, सरकारी कर्मचारी कि सानोतिनो व्यापार यति मात्रै थियो, तर अहिले विश्वकै अवस्था बदलिएको छ। आम्दानीका स्रोत दिनहुँ थपिएका छन्। मान्छे कमाइका लागि संसारभर पुग्न पाएका छन्। पहिलेको तुलनामा अहिलेको यो परिवर्तन र केही आर्थिक सूचकमा देखिएको सुधार त जो-कोही सत्ता र शासन सञ्चालनमा भए पनि देखिने थियो। यसलाई म 'डेभलपमेन्ट' नभएर 'इभोलुसन' भन्न चाहन्छु। अवसर, स्रोत-साधन, प्रविधि प्रशस्त हुँदाहुँदै २०४७ र २०६३ को समययता जुन रफ्तारमा मुलुक अगाडि जान सक्थ्यो, त्यसको एक प्रतिशत पनि प्रगति हुन सकेको छैन। भएका उद्योगधन्दा र कलकारखाना पनि लगभग बन्द अवस्थामा छन्।

यसो हेर्दा २०४७ पछि निजी क्षेत्रको विकास चाहिँ भएको ठान्छु। यसपछि पर्यटन र होटल क्षेत्रको विकास राम्रै देखिन्छ। तर अन्य सामाजिक र आर्थिक पाटोको विकास हुन नसक्दा अपेक्षित रूपमा बाह्य पर्यटन ल्याउन सकेका छैनौं। निजी क्षेत्रको विकासले गर्दा रोजगारी सिर्जना र राजस्वमा मुलुकलाई राम्रै भएको छ, तर राज्यले उत्पादन र बजारीकरणमा ध्यान दिन नसक्दा, स्वदेशी उद्योगलाई संरक्षण गर्न नसक्दा, सो अनुरूपका कानुनी व्यवस्था गर्न नसक्दा उत्पादनमूलक उद्योग खुल्न सकेका छैनन्। भएका एकाध उद्योग पनि पूर्ण क्षमतामा चल्न नपाएको व्यवसायी साथीहरूले बारम्बार गुनासो गर्नुहुन्छ। फाइदा बढी भएकाले निजी क्षेत्र पनि उद्योग खोल्नभन्दा आयातको व्यापारमा बढी ढुक्क देखिएको छ।

गणतन्त्रपछि त मुलुकले कुनै एक स्थानमा पनि प्रगति गरेको जस्तो मलाई लाग्दैन। अत्यधिक स्वतन्त्रताले यो अवधिमा हामीलाई अराजकताको बाटोमा डोऱ्याएको मात्रै छ। स्वास्थ्य र शिक्षा नै निजी क्षेत्रको कब्जामा पुगिसकेको छ। हिजोका दिनमा स्वास्थ्य संस्था, प्रविधि, यातायात लगायतको सुविधा नहुँदा उपचार नपाउने अवस्था थियो। अहिले सबै भएर पनि पैसा नभए उपचार नपाउने अवस्था बनाइएको छ। यसरी कुनै पनि क्षेत्र व्यवस्थित र सुरक्षित देखिँदैन। लगानीका लागि कसैले पनि मुलुकलाई विश्वास गरेको छैन। खालि बिचौलिया र नेताका आसेपासेको मात्रै हालीमुहाली भएको मुलुकले प्रगति गर्न सक्दैन।

अहिले देखिएको आर्थिक परिवर्तनमा रेमिट्यान्सको ठुलो भूमिका छ। स्वदेशमै उत्पादनमूलक उद्योग खोलेको भए आर्थिक विकास दिगो हुने थियो। अहिले त एक जना खाडीमा कमाउने र बाँकी परिवार यहाँ बसेर खर्च गर्ने प्रवृत्ति छ। रेमिट्यान्समार्फत आएकै पैसाले आममानिसले राम्रो लगाउन, मिठो खाना, उपचार गर्न, घुमघाम गर्न, शिक्षादिक्षा लिन पाएका छन्। यसले गर्दा समग्र आर्थिक सूचकमा केही सुधार देखिएको हो। तर यो सुधार मूलतः व्यवस्थाले नभएर रेमिट्यान्सले ल्याएको हो। मुलुकले अँगालेको यो सजिलो तर गलत अभ्यास हो।

व्यवस्थाले अर्थतन्त्र र समाजमा केही फरक पार्दैन भन्ने मेरो विचार होइन। यसले केही हदसम्म प्रभाव पार्छ, तर हाम्रो समाजले जसरी व्याख्या गरेको छ त्यो सत्य होइन। व्यवस्था चलाउने नेतृत्व सही भए जुन प्रणालीमा पनि मुलुकको प्रगति कसैले रोक्न सक्दैन। व्यवस्था फरक हुँदैमा सबै उलटफेर हुन्छ भन्ने हो भने गणतन्त्रमा नेपालीको अवस्था किन यस्तो छ?

पञ्चायतदेखि अहिलेसम्म उही नेता सत्तामा छन्। उनीहरूकै वरिपरि मुलुक घुमेको छ। यसमा व्यवस्था बदलिएर के चाहिँ फरक पऱ्यो? नागरिकले के फरक महसुस गरे? केही गरेनन्। त्यसकारण जनताको अवस्था उही भएपछि व्यवस्था मात्रै बदलिएर केही नहुने रहेछ। अहिले देखिएको छिटपुट सुधार व्यवस्थाले भन्दा बढी प्रविधि र विश्वको प्रभावले ल्याएको हो।(पूर्वअर्थमन्त्री डा. लोहनीसँग रातोपाटीकर्मी मस्त केसीले गरेको कुराकानीमा आधारित)

# विश्वव्यापी चुनौती समाधान गर्न सामूहिक र बहुपक्षीय प्रयास आवश्यक : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तन, गरिबी र सुरक्षा चुनौतीलगायत विश्वव्यापी चुनौती समाधानका लागि सामूहिक र बहुपक्षीय प्रयास आवश्यक रहेको बताउनुभएको छ । संयुक्त राष्ट्र सङ्घ स्थापना दिवसका अवसरमा विहिबार सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले नेपाल विश्वव्यापी शान्ति, स्थिरता र दिगो विकासलाई अगाडि बढाउन रचनात्मक भूमिका खेल्न तयार रहेको छ भन्नुभयो ।



शान्तिपूर्ण सहअस्तित्व, पारस्परिक सम्मान र गैरहस्तक्षेप नेपालको परराष्ट्र नीतिको महत्वपूर्ण सिद्धान्त भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नेपालले ‘सबैसँग मित्रता’को भावना अघि सारिरहेको स्पष्ट पार्नुभयो ।

संयुक्त राष्ट्र बडापत्रप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउँदै उहाँले अन्तर र्राष्ट्रिय क्षेत्रमा शान्ति, समानता, सहयोग र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि नेपालले दशकौंदेखि निरन्तर पैरवी गर्दै आएको स्मरण गर्नुभयो ।

राष्ट्र सङ्घीय शान्ति मिसन, अन्तर र्राष्ट्रिय सन्धि र निशस्त्रीकरण प्रयासमा नेपालको योगदानले विश्वव्यापी शान्ति र सद्भावप्रतिको समर्पणलाई झल्काएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले प्रतिकूलताका बाबजुद पनि द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापना कार्यमा खटिइएका शान्ति सैनिकको भूमिका प्रशंसनीय रहेको बताउनुभयो ।

राष्ट्र सङ्घको आह्वानमा नेपालले शान्ति सैनिक पठाउन थालेको इतिहास गर्व गर्न लायक रहेको जनाउँदै प्रधानमन्त्री ओलीले पछिल्लो समय शान्ति अभियानले विभिन्न चुनौती सामना गरिरहेको बताउनुभयो । शान्ति सैनिकहरु हिंसात्मक समूह र बदलिँदो सुरक्षा अवस्थाबाट जोखिममा रहेका उल्लेख गर्दै उहाँले जटिल बन्दै गएका द्वन्द्व व्यवस्थापन र समाधानका लागि मजबुद अन्तर्राष्ट्रिय समर्थन र ऐक्यबद्धता आवश्यक भएको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले विश्वव्यापी समुदायले सामना गरिरहेको वातावरणीय चुनौती सम्बोधन गर्न तथा मानवजातिको साझा खतराविरुद्ध सामूहिक रूपमा लड्ने बेला आएको बताउनुभयो ।

संयुक्त राष्ट्र सङ्घको ७५औँ महासभाले जलवायु परितर्वन, जैविक विविधताको हानी र वातावरणीय ह्रासबाट आइपर्ने चुनौतीलाई स्पष्टसँग किटान गरेको उल्लेख गर्र्दै प्रधानमन्त्री ओलीले ती चुनौती समाधान गर्न दृढ प्रतिबद्धता र सामूहिक प्रयासको खाँचो औँल्याउनुभयो ।

नेपालजस्ता देशहरूले विश्वव्यापी कार्बन उत्सर्जनमा न्यून योगदान गरेका भए पनि जलवायु सङ्कटबाट प्रभावित हुन पुगेको बताउँदै प्रधानमन्त्री ओलीले वातावरणीय प्रभाव अन्त्यका लागि विश्वव्यापी साझेदारी गर्न नेपाल तयार रहेको स्पष्ट पार्नुभयो । नेपाल संयुक्त राष्ट्र सङ्घका सिद्धान्तप्रति आफ्नो प्रतिबद्धतामा अडिग रहेको दोहोर्‍याउँदै प्रधानमन्त्रीले शान्ति, सुरक्षा, दिगो विकास र वातावरण संरक्षणको विश्वव्यापी प्रयासलाई अनवरतरुपमा समर्थन गरिरहने बताउनुभयो ।

प्रधान सेनापति अशोकराज सिग्देलले संयुक्त राष्ट्र सङ्घको आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापना कार्यमा नेपाली शान्ति सैनिकले सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको बताउनुभयो । उहाँले विश्वव्यापी शान्ति प्रवर्द्धन, सुरक्षा र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धनमा संयुक्त राष्ट्र सङ्घले नेतृत्वदायी भूमिका स्मरणीय रहेको छ भन्नुभयो ।

नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य बनेको र हालसम्म राष्ट्र सङ्घको बडापत्रप्रति प्रतिबद्ध मुलुकका रुपमा रहेको स्पष्ट पार्दै प्रधान सेनापति सिग्देलले विभिन्न शान्ति मिसनमा शान्ति सैनिक पठाउने मुलुकका रुपमा नेपाल पहिलो रहेको जानकारी दिनुभयो ।

समारोहमा द्वन्द्वग्रस्त मुलुकका ११ वटा मिसनमा तैनाथ नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल सम्मिलित फौजले मार्च पास गरेको थियो । सो अवसरमा मारुनी, मघौटा, झ्याउरे र हुड्केली नाच तथा नेवारी समुदायको सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो । नेपाली सेनाका खेलाडीले तेक्वान्दो खेल प्रस्तुत गरेको सो समारोहमा तीन वटै सुरक्षा सङ्गठनका तर्फबाट संयुक्त ब्याण्ड तथा नेपाली सेनाको हेलिकप्टरमार्फत ‘यु एन डे-२०२४’ लेखिएको ब्यानर प्रदर्शन र पुष्पवृष्टि गरिएको थियो ।

समारोहमा मन्त्रीगण, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

छ दशक पुरानो नेपाल-संयुक्त राष्ट्र सङ्घ सहकार्य

विश्वभर शान्ति, एकता, मैत्री र मेलमिलाप प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्र सङ्घको स्थापना भएको हो । अन्तर्राष्ट्रिय श्रम, खाद्य तथा कृषि, विश्व स्वास्थ्य, हुलाक, नागरिक उड्डयन, जलवायु, बौद्धिक सम्पत्ति, सामुद्रीक, कृषि विकास कोष, औद्योगिक विकास र पर्यटन सङ्गठनलगायत उक्त विश्व संस्थाका १५ वटा विशिष्टिकृत निकायमार्फत श्रम, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलवायुका क्षेत्रमा मुलुकलाई सहयोग प्राप्त हुँदै आएको छ ।

नेपालको शान्ति प्रक्रियालाई निर्ष्कमा पुर्‍याउन संयुक्त राष्ट्र सङ्घले विशेष सहजीकरण गरेको थियो । सन् १९५५ मा राष्ट्रसङ्घको सदस्य भएको नेपालले त्यसको तीन वर्षपछि शान्ति सैनिक परिचालन गर्न थालेको हो । मुलुकले शान्ति सेनामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट सुरक्षाकर्मी परिचालन गर्दै आएका छ । राष्ट्रसङ्घीय शान्ति सेनामा सैनिक परिचालन गर्ने मुलुकको सूचीमा नेपाल प्रथम स्थानमा छ ।

राष्ट्रसङ्घको आह्वानमा हाल विश्वका एक सय २० राष्ट्रबाट ९७ हजार शान्ति कार्यरत छन् ।

राष्ट्रसङ्घको छातामुनि विश्वका विभिन्न मुलुकमा स्थापना भएका ११ शान्ति मिसनमा छ सय ५१ महिलासहित पाँच हजार नौ सय १८ नेपाली शान्ति सैनिक परिचालन भएका छन् ।

शान्ति सेनामा महिला परिचालन गर्ने मुलुकको सूचीमा पनि नेपाल शीर्षस्थानमा छ । शान्ति मिसनमा सशस्त्र प्रहरी बलबाट एक सय ९५ र नेपाल प्रहरीका २८ जना कार्यरत छन् ।

नेपाली सेनाका अनुसार हालसम्म ४४ मिसनमा एक लाख ५३ हजार छ सय ५४ नेपाली शान्ति सैनिकले आफ्नो सौर्य प्रदर्शन गरेका छन् ।

सन् १९५८ मा लेबनानमा पाँच सैनिक पर्यवक्षक परिचालन गरेर विश्वशान्ति स्थापनाका निम्ति स्थापना भएको राष्ट्रसङ्घसँग सहकार्य सुरु गरेको नेपालले सन् १९७४ मा नेपाली सेनाको पुरानो गोरख गणलाई इजिप्टमा परिचालन गरेको थियो । हालसम्म ७३ नेपाली शान्ति सैनिकले वीरगति प्राप्त गरेका छन् भने ६९ जना घाइते भएका छन् ।रासस

## अदालतद्वारा सभापति लामिछानेलाई थप सातदिन हिरासतमा राख्न अनुमति

पोखरा । सहकारीको बचत रकम अपचलनको आरोपमा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ ।

जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको इजालसले जानकारी दिनुभयो ।यही कात्तिक २ गते पक्राउ पर्नुभएका पूर्व उपप्रधान एवं गृहमन्त्री लामिछानेमाथि यसअघि छ दिनको म्याद थप गरी अनुसन्धान जारी रहेको अवस्थामा पुनः म्याद थप भएको छ ।

यसैगरी सहकारीको बचत रकम अपचलनकै आरोपमा गत असोज ६ गते पक्राउ पर्नुभएका



सभापति लामिछानेलाई थप सात दिन प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्न विहिबार अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले पूर्वप्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई थप सात दिन हिरासतमा राखी अनुसन्धान गर्न अदालतले अनुमति दिएको सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो ।रासस

## अर्थमन्त्री पौडेल र एडिबीका उपाध्यक्षबीच भेटवार्ता

वासिङ्टन । विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भागलिने सिलसिलमा वासिंगटन पुगेका उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र एसियाली विकास बैंक (एडिबी)का उपाध्यक्ष यिगमिन यागबीच भेटवार्ता भएको छ ।

त्यस अवसरमा उहाँहरूबीच एसियाली विकास बैंकको वर्तमान पूँजी तथा भविष्यमा नेपालसँग हुनसक्ने सहकार्यबारे छलफल भएको यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ । उपप्रधानमन्त्री पौडेलले नेपालको विकास-निर्माणका परियोजनामा बैंकले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो । हालैको बाढीपहिरोबाट प्रभावित नेपाललाई बैंकले ३० लाख अमेरिकी डलर अनुदान प्रदान गरेकामा उहाँले आभार व्यक्त गर्नुभयो ।

उपाध्यक्ष यागले नयाँ साझेदारी रणनीतिको संरचनागत प्रक्रिया बारेमा मन्त्री पौडेललाई जानकारी दिनुभएको उक्त राजदूतावासले जनाएको छ ।

यसैगरी, उपप्रधानमन्त्री पौडेलले विश्व बैंकका कार्यकारी निर्देशक विम्पी सपुत्रासँग पनि भेटवार्ता गर्नुभएको छ ।रासस

## नेपाल एयरलाइन्समा देखिएका समस्याको दीर्घकालीन समाधान गर्नेछौँः मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपाल एयरलाइन्सलाई सुधार गर्दै विद्यमान समस्याको दीर्घकालीन समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



सरकार गठन भएको एकसय दिनको अवधिमा मन्त्रालयबाट भएका प्रमुख उपलब्धिबारे जानकारी दिन विहिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपाल एयरलाइन्समा देखिएका समस्याहरु समाधान गर्दै भरपर्दो सेवा प्रवाह गरिने उल्लेख गर्नुभयो ।मन्त्री पाण्डेले भन्नुभयो, “नेपाल एयरलाइन्समा रहेका विद्यमान समस्या पहिचान गरी दीर्घकालीन समाधान गर्न मन्त्रालयले पहल सुरु गरेको छ ।

नेपाल नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन एवं विश्लेषण गरी सुरक्षित, भरपर्दो तथा विश्वसनीय बनाउन समिति गठन गरेर काम अघि बढाइसकेका छौँ ।” मन्त्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायक निकायका रुपमा छुट्याउन नेपाल नागरिक उड्डयन प्राधिकरणलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक र हवाई सेवा प्राधिकरणको स्थापना तथा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा दर्ता गर्न मन्त्रिपरिषद्बाट स्वीकृति लिनुपर्ने बताउँदै सोका मन्त्रिपरिषद्मा ती विधेयक पेस गरिएको जानकारी दिनुभयो ।

उहाँले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न सहुलियत एवं प्रोत्साहन सहितको कार्ययोजना मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको पनि बताउनुभयो ।

“गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट यही कात्तिक २४ गतेदेखि जजिरा एअरवेयजले हप्तामा तीन र फ्लाई दुबईले दैनिक एक अन्तर्राष्ट्रिय उडान गर्ने गरी कार्यतालिका स्वीकृत गरिएको छ”, मन्त्री पाण्डेले भन्नुभयो, “आन्तरिक वायुसेवाले व्यहोर्नुपर्ने यात्रुको दायित्व तथा बिमालाई समयानुकूल वृद्धि गर्न हवाई सेवा सञ्चालन संस्थाको दायित्व तथा बिमा व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमा गरी स्वीकृतिको प्रकृया अघि बढाइएको छ ।”

यस अवधिमा मन्त्रालयले यातायात सेवा अवरूद्ध भई अन्तर्राष्ट्रिय उडान छुट्न गएका यात्रुलाई अतिरिक्त शुल्क नलाग्ने गरी टिकटको मिति परिवर्तन गर्न पाउने व्यवस्था मिलाएको जनाएको छ । अवरुद्ध सडक सञ्जाल सञ्चालनमा नआएसम्म वायु सेवा कम्पनीले स्वीकृत हवाई भाडादरको अधिकतम सीमाको टिकट बिक्री नगर्ने गरी व्यवस्था मिलाइएको मन्त्री पाण्डेले जानकारी दिनुभयो ।

नेपाल र फ्रान्सबीच सम्पन्न भएको द्विपक्षीय हवाई सेवा सम्झौता र समझदारी पत्र संशोधन गर्ने कार्य अगाडि बढाइएको उल्लेख गर्दै उहाँले नेपाल र इन्डोनेसियाबीच द्विपक्षीय हवाई सेवा सम्झौता गर्ने प्रक्रिया

> **अवरुद्ध सडक सञ्जाल सञ्चालनमा नआएसम्म वायु सेवा कम्पनीले स्वीकृत हवाई भाडादरको अधिकतम सीमाको टिकट बिक्री नगर्ने गरी व्यवस्था मिलाइएको मन्त्री पाण्डेले जानकारी दिनुभयो ।**

अघि बढाइएको बताउनुभयो ।

मन्त्रालयले यस अवधिमा सौर्य एअरलाइन्सको वायुयान दुर्घटनाको अनुसन्धान गर्न जाँचबुझ आयोग गठन गरेको र प्रारम्भिक प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयनका लागि निर्देशनसमेत दिएको जनाएको छ । मन्त्री पाण्डेले भन्नुभयो, “यस अवधिमा पर्यटन विधेयक, सङ्घीय संसद्मा दर्ता गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ । क्यासिनो नियमावली, पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ संशोधन गर्न मन्त्रिपरिषद्मा पेस गरिएको छ ।”

नेपालका पाँच हजार आठसयदेखि छ हजार पाँचसयसम्म उचाइका थप ५७ हिमाल आरोहणका लागि खुला गरिएको मन्त्री पाण्डेले जानकारी दिँदै पर्यटन विभागका सेवाअन्तर्गत पर्वतारोहण र होटल व्यवस्थापनलाई अनलाइन प्रणालीमार्फत प्रवाह हुने व्यवस्था मिलाइएको उल्लेख गर्नुभयो ।

यस अवधिमा ‘ग्रेट हिमालयन ट्रेल’को थप पाँच किलोमिटर पदमार्ग निर्माण् सम्पन्न गरिएको, हिमाल आरोहण र पदयात्राको क्रममा विपद्मा रहेका करिब दुई सय पर्यटकलाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै प्रतिलिपि अधिकार विधेयक, २०८१ मस्यौदा तर्जुमा गरी सुझावका लागि नीति अनुसन्धान प्रतिष्ठानमा पेस गरिएको, पशुपति क्षेत्र विकास कोष ऐनको संशोधन मस्यौदा तर्जुमा गरिएको, सङ्घीय भाषा विधेयक र सङ्ग्रहालय विधेयक तर्जुमा कार्य अघि बढाइएको मन्त्री पाण्डेले बताउनुभयो । मन्त्रालयले यस अवधिमा ललितपुरको गुईत टोलको चैत्यबाट हराएर अमेरिकामा पुगेको ध्यानी बुद्धको मूर्ति प्रमाणसहित नेपाल फर्काउन कूटनीतिक प्रक्रिया अघि बढाइएको जनाउँदै शङ्कर कीर्ति महाविहार, भगवान वहाल ठमेलबाट चोरी भएको पद्मपाणी लोकेश्वरको मूर्र्तित सोही स्थानमा पुनःस्थापना गरिएको मन्त्री पाण्डेले जानकारी दिनुभयो ।रासस

## अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियालाई सघाउन एमालेको आग्रह

काठमाण्डु । नेकपा एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का राजनीतिक दल, व्यक्ति र संस्थाबाट भइरहेका गतिविधि विधिको शासनविरुद्ध भएको जनाएको छ ।



एमालेका महासचिव शंकर पोखरेलले विहिबार विज्ञप्ति जारी गरी सहकारी संस्थाको रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष समितिको प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढिरहँदा रास्वपाका कार्यकर्ताबाट भइरहेका गतिविधिप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको हो । संसदीय विशेष समितिले बनाएको प्रतिवेदनको आधारमा किटान गरिएका व्यक्तिलाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया अघि बढेको र त्यसमा सहयोग गर्नु सबैको साझा कर्तव्य रहेको एमालेले जनाएको छ ।

छानबिन समितिले सर्वसम्मतरूपमा औँल्याएका विषयमा छानबिन प्रक्रिया अघि बढिरहेको अवस्थामा प्रधानमन्त्री, सरकारका जिम्मेवार व्यक्ति र निकाय विरुद्ध जिम्मेवार व्यक्तिबाटै अमर्यादित अभिव्यक्ति दिने, गालीगलौज गर्ने र गलत आक्षेप लगाउँदै छानविन प्रक्रियालाई प्रभावित गर्ने गरी भ्रम सिर्जना गर्नु अत्यन्त दुःखद् भएको एमालेको ठहर छ ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षालाई स्वतन्त्र, भयरहित र वैज्ञानिक बनाइ फौजदारी न्याय प्रणालीको प्रभावकारिता बनाउनु सबैको साझा दायित्व भएको विज्ञप्तिमा उल्लेख छ ।

सबै पक्षको सकारात्मक सहयोगबाट अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाई दोषी नउम्कने र निर्दोष कोही नफस्ने कुराको सुनिश्चितता गर्न सकिने एमालेले जनाएको छ । कानुनले अनुसन्धान र अभियोजन गर्ने छुट्टाछुट्टै निकायको व्यवस्था गरेको स्मरण गराउँदै एमालेले रविको पक्राउबारे सरकार र नेतृत्वलाई जोडेर चर्चा गर्नु, अनुसन्धान र अभियोजन प्रक्रियालाई अनुचित प्रभाव पार्ने कार्य न्यायिक दृष्टिकोणबाट अनुपयुक्त भएको ठहर गरेको छ ।

र ा ष ट ्र स े व क ल ा ई कानुनबमोजिम तोकिएको काम गर्न नदिन वा कर्तव्य पालना गर्न नदिने हिसाबले पाँच जना बढीको भेला गर्नु गराउनु आफैँमा कसुर भएको एमालेको ठहर छ । यस्तो कसुरमा सङ्घीय सांसदकै उपस्थिति हुनु गैरकानुनी भएको एमालेले जनाएको छ । ‘यस्तो कसुरमा सङ्घीय संसद्को सदस्य उपस्थिति हुनु र यस्तो कसुर गर्न अरूलाई उक्साउनु पूर्णतः गैरकानुनी कार्य हो, यस्तो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक व्यक्ति कसुरदार मानिने कानुनी व्यवस्था भएतर्फ सबै पक्ष सचेत हुनुपर्दछ’, विज्ञप्तिमा उल्लेख छ ।

एमालेलेसरकारकाअख्तियारप्राप्त निकायबाट भइरहेको अनुसन्धान र अभियोजन प्रक्रियामा बाधा पुर्‍याउने कुनै प्रकारका गतिविधि नगर्न समेत आग्रह गरेको छ । यस्ता गतिविधि नियन्त्रण गरेर स्वच्छ र निष्पक्ष न्यायिक निरुपणको वातावरण बनाउन पनि एमालेले सरकारलाई अनुरोध गरेको छ ।रासस

## ‘हरित ऊर्जा उत्पादन नेपालको प्रमुख प्राथमिकता’

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले हरित ऊर्जा उत्पादन नेपालको प्रमुख प्राथमिकता भएको बताउनुभएको छ ।




भारतको जयपुरमा जारी ‘साउथ एसियन क्लिन इनर्जी फोरम’लाई बुधबार सम्बोधन गर्दै उहाँले हरित ऊर्जालाई नेपालले प्रमुख प्राथमिकतामा राखेर अगाडि बढेको बताउनुभएको हो । उहाँले भन्नुभयो, “ऊर्जा सुरक्षा र दक्षता कायम राख्न ठूलो चुनौती देखिएको छ । जलवायु परिवर्तनका नकारात्मक असरहरूको परिणामस्वरूप ऊर्जा क्षेत्रमा चुनौती देखिएको हो । ”

सचिव आचार्यले उहाँले गत असोजको अविरल वर्षाका कारण आएको बाढी र पहिरोबाट जलविद्युत् आयोजनामा भएको क्षतिको शोधभर्ना गर्दै ती आयोजनाको पुनः सञ्चालन गर्न र भविष्यमा यस्ता क्षतिबाट जोगिन प्रयास भइरहेको उल्लेख गर्नुभयो ।

हरित ऊर्जालाई प्राथमिकताका साथ अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई फोरममा सहभागी सबै राष्ट्रले समर्थन गर्नुपर्ने देखिएको उल्लेख गर्दै सचिव आचार्यले यूएसएड इन्डियाको भूमिका अझ प्रभावकारी रहने छ भन्नुभयो । नेपालले सन् २०३५ सम्म कार्यान्वयनका लागि प्रस्ताव गरेको विद्युत् उत्पादन मार्गचित्र र कार्ययोजना चाँडै मन्त्रिपरिषदबाट स्वीकृत गराई कूल २८ हजार ५०० मेगावाट क्षमताको पूर्ण स्वच्छ एवं हरित ऊर्जा उत्पादन गर्ने योजना रहेको उहाँको भनाइ थियो ।

सचिव आचार्यले विद्युत्को आन्तरिक खपत बढाउने, ऊर्जा खपत बढाउने उद्योगको स्थापना गर्ने, ई-मोबिलिटीलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा चार्जिङ स्टेसन थप गर्ने र बचत हुने स्वच्छ एवं हरित ऊर्जा भारत, बङ्गलादेश र अन्य आकांक्षी मुलुकमा निर्यात गर्ने योजना नेपालको रहेको बताउनुभयो ।

उहाँले गत असोजमा नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभेलपमेन्ट बोर्ड र एनटिपीपी विद्युत् व्यापार निगम, भारतबीच भएको त्रिपक्षीय विद्युत् व्यापार सम्झौतामार्फत नेपालको स्वच्छ एवं हरित ऊर्जाको व्यापार अभिवृद्धि गर्न मार्ग प्रशस्त भएकामा भारत सरकारको सराहना गर्दै भविष्यमा पनि आफ्नो भूमि भएर थप विद्युत् व्यापारमा सहजीकरण गरिदिन अनुरोध गर्नुभयो ।रासस


# चक्रवात दानाको त्रासले दश लाखभन्दा बढी भारतीय सुरक्षित स्थानतर्फ जादैँ

एएफपी

कोलकाता । भारतको पूर्वी तटमा कम्तिमा दश लाख भन्दा बढी मानिसहरू सुरक्षित आश्रयस्थल तर्फ भागिरहेको मन्त्रीहरूले बिहीबार बताएका छन् ।

चक्रवात दानाले पश्चिम बङ्गाल र ओडिसा राज्यमा- लगभग १५ करोड मानिसहरूको आश्रय स्थललाई प्रभावित गर्ने सम्भावना रहेको भारतीय मौसम ब्यूरोले बताएको छ। मौसम ब्यूरोले हावाको गति १२० किलोमिटर प्रति राज्यका सरकारी मन्त्री बङ्किम चन्द्र हजाराले अहिलेसम्म एक लाख भन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको बताउनु भएको छ। उहाँले जीवन बचाउन समुद्र तटका रिसोर्ट तथा व्यवसायहरू बन्द गर्न आदेश दिइएको तथा पर्यटकहरूलाई उक्त स्थान छोड्न आग्रह गरिएको जनाउनु भएको छ।

कोलकाता विमानस्थलका निर्देशक प्रवत रञ्जन बेउरियाले पूर्वानुमान गरिएको भारी हावा र



घन्टाको गतीमा पुग्ने अनुमान गरेको छ। चक्रवातको समयमा प्रमुख एयरपोर्टहरू बन्द हुने जनाइएको छ ।

शुक्रबार बिहान धामरा बन्दरगाह नजिकै अवतरण गर्ने पूर्वानुमान गरिएको चक्रवातले छिमेकी बङ्गालादेशलाईसमेत असर गर्ने अनुमान गरिएको छ। चक्रवातका कारण आएका छालहरूले तटीय क्षेत्रहरू डुबानमा पार्ने र पानी सामान्य ज्वारको स्तरभन्दा दुई मिटर माथि बढ्ने पूर्वानुमान गरिएको छ ।ओडिसा राज्यका स्वास्थ्य मन्त्री मुकेश महालिङले तटीय क्षेत्रहरूबाट करिब दस लाख मानिसहरूलाई चक्रवातबाट सुरक्षित स्थानहरूमा सारिएको बताउनु भएको छ।

छिमेकी पश्चिम बङ्गाल वर्षा का कारण बिहीबार राति उडानहरू स्थगित गरिने बताउनु भएको छ। भुवनेश्वर सहरको विमानस्थलले पनि उक्त समयमा उडानहरु बन्द गर्ने जनाएको छ भने कयौं रेलसेवाहरु स्थगित गरिएका छन् ।

बङ्गलादेशका विपद् मन्त्री फारुक-ए-आजमले उद्धार अधिकारीहरू "उच्च सतर्कता" का साथ बसेको बताउदै भारतमा पनि खराब आँधी आउने पूर्वानुमान गरिएकाले निकासी आदेश जारी नगरिएको बताउनु भएको छ ।वैज्ञानिकहरूका अनुसार जीवाश्म ईन्धनहरू जलाइए उत्पन्न जलवायु परिवर्तनका कारण विश्व तातो हुँदै जाँदा चक्रवात तथा आँधीबेहरी अझै शक्तिशाली हुँदै गइरहेका छन् ।

## मस्कविरुद्ध अम्बानी :

# भारतको 'स्याटलाइट' इन्टरनेट बजारका निम्ति अर्बपतिहरूको लडाइँ

बीबीसी

काठमाण्डु । भारतको भूउपग्रह, स्याटलाइट, मा आधारित ब्रोडब्यान्ड इन्टरनेट बजारलाई लिएर विश्वका दुई सर्वाधिक धनी व्यक्तिहरू इलोन मस्क र मुकेश अम्बानीबीचको प्रतिस्पर्धा तीव्र बन्दै गएको छ।भारत सरकारले गतसाता लिलामीमार्फत् नभइ प्रशासनिक रूपमा 'स्याटलाइट स्पेक्ट्रम' छुट्याउने घोषणा गरेपछि माहोल तातेको हो।यसअघि मस्कले अम्बानी समर्थित लिलामी पद्धतिको आलोचना गरेका थिए।

स्याटलाइट ब्रोडब्यान्डले आफ्नो प्रभाव घेराभित्रका कुनै पनि स्थानमा इन्टरनेट सेवामाथि पहुँच प्रदान गर्छ। यसलाई इन्टर नेटका निम्ति टेलिफोन लाइन वा केबुल सेवा उपलब्ध नभएका दुर्गम तथा ग्रामीण क्षेत्रका निम्ति भरपर्दो विकल्पका रूपमा लिन सकिन्छ। यसले 'डिजिटल विभाजन' लाई घटाउन पनि मद्दत गर्ने ठानिएको छ।भारतको दूरसञ्चार नियामकले अझै 'स्पेक्ट्रम'को मूल्य निर्धारण गरिसकेको छैन। व्यवसायिक 'स्याटलाइट' इन्टरनेट सेवा पनि सुरु हुनै बाँकी छ।



यद्यपि 'क्रेडिट रेटिङ' निकाय 'इक्रा'का अनुसार भारतमा सन् २०२५ सम्ममा 'स्याटलाइट' इन्टरनेटका ग्राहक संख्या २० लाख पुग्ने अनुमान गरिएको छ। भारतको बजार प्रतिस्पर्धात्मक छ। त्यसमा लगभग आधा दर्जन मुख्य खेलाडीहरू देखिएका छन्, जसको नेतृत्व अम्बानीको कम्पनी रिलायन्स जियोले गर्छ।दूरसञ्चार क्षेत्रमा प्रभुत्व जमाउन यस किसिमका लिलामीमा अर्बौं लगानी गरिसकेको जियोले लक्जम्बर्गमा आधारित 'एसईएस आस्ट्रा' नामको अग्रणी स्याटलाइट सञ्चालकसँग साझेदारी गरेको छ।

द्रुतगतिको इन्टरनेट सेवाका निम्ति पृथ्वीको सतहबाट १६० र १,००० किलोमिटरको बीचमा राखिएका 'लो-अर्थ अर्बिट' (एलईओ) स्याटलाइट प्रयोग गर्ने मस्कको स्टारलिङ्कको विपरित 'एसईएस'ले 'मिडियम अर्थ-अर्बिट' (एमईओ)को प्रयोग गर्छ। भूउपग्रह, स्याटलाइटहरूलाई त्यो भन्दा माथिल्लो उचाइमा राखिने यो प्रणाली किफायती छ। पृथ्वीमा भएका 'रिसिभर'हरूले स्याटलाइटबाट सङ्केतहरू प्राप्त गर्छन् र तिनलाई इन्टरनेट डेटामा बदल्छन्।

स्टारलिङ्कको पृथ्वी कक्षमा ६,४१९ स्याटलाइट छन् भने १०० देशमा ४० लाख ग्राहक छन्। मस्कले सन् २०२१ बाटै भारतमा सेवा थाल्ने लक्ष्य राखेका थिए, तर प्रशासकीय अवरोधका कारण ढिलाइ भएको छ।

यसपटक उनको कम्पनी भारत छिरेको खण्डमा यसले विदेशी लगानीलाई आकर्षित गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको प्रयासमा बल पुग्ने धेरैको बुझाइ छ। यसले मोदी सरकारलाई व्यवसायमैत्री छविलाई प्रचार गर्न मद्दत गर्नेछ र सरकारका नीतिहरू अम्बानीजस्ता शीर्ष व्यापारीहरूको पक्षमा मात्रै छन् भन्ने दाबीहरूलाई पनि चुनौती दिनेछ। विगतमा लिलामी कार्य आकर्षक साबित भए पनि भारत सरकारले यसपटक प्रशासनिक रूपमा 'स्याटलाइट स्पेक्ट्रम' बाँडफाँड गर्ने निर्णय गरेको हो। यो निर्णय अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको भएको भन्दै सरकारले त्यसको बचाउ गरेको छ। '

काउन्टरपोइन्ट रिसर्च'का प्रविधि विश्लेषक ग्यारेथ ओवेन भन्छन्, 'स्याटलाइट स्पेक्ट्रम' सामान्यतः लिलामीद्वारा दिइँदैन, किनभने यसको लागतले व्यवसायको वित्तीय औचित्व वा लगानीलाई असर पार्न सक्छ। यसको विपरित, प्रशासनिक वितरणले "योग्य" खेलाडीहरूलाई यसको वितरण होस् भन्ने सुनिश्चित गर्नुका साथै स्टारलिङ्कलाई पनि प्रतिस्पर्धामा प्रवेश गर्ने मौका दिनेछ।तर अम्बानीको रिलायन्स भारतमा कसरी स्याटलाइट ब्रोडब्यान्ड सेवा मानिसहरूसम्म पुऱ्याउन सकिन्छ भन्नेबारे स्पष्ट कानुनी व्यवस्था नभएकाले निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित गर्न लिलामी आवश्यक भएको बताउँछ।

अक्टोबरमा दूरसञ्चार नियामक निकायलाई लेखिएको र बीबीसीले पढेको एउटा पत्रमा रिलायन्सले बारम्बार "स्याटलाइटमा आधारित र स्थलबाट पहुँच दिइने सेवाहरूबीच समान स्तर" सिर्जना गर्न आग्रह गरेको थियो। उक्त कम्पनीले "स्याटलाइट प्रविधिमा भएका हालैका प्रगतिहरूले' स्याटलाइट र स्थल सञ्जालबीचका विभाजन रेखाहरूलाई उल्लेख्य रूपमा धमिल्याइदिएको" भन्दै "स्याटलाइटमा आधारित सेवाहरू अब स्थल सञ्जालका सेवा नपुगेका क्षेत्रहरूमा सीमित नभएको" समेत उल्लेख गरेको छ। एउटा पत्रमा रिलायन्सले भारतीय दूरसञ्चार कानुन अन्तर्गत लिलामीमार्फत् 'स्पेक्ट्रम'को वितरण गरिने जनाउँदै "सार्वजनिक हित, सरकारी कार्यहरू वा प्राविधिक तथा आर्थिक कारणहरूले गर्दा लिलामी रोक्न" परेमा मात्रै प्रशासनिक वितरणलाई अनुमति दिइने स्मरण गराइएको छ।

सामाजिक सञ्जाल एक्समा मस्कले विचाराधिन 'स्पेक्ट्रम' "आईटीयूद्वारा स्याटलाइटहरूका निम्ति साझा स्पेक्ट्रमको रूपमा निर्दिष्ट गरिएको" औँल्याएका छन्। अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (आईटीयू) राष्ट्रसङ्घीय निकाय हो, जसले डिजिटल प्रविधिका निम्ति विश्वव्यापी नियमहरू निर्धारण गर्छ। भारत यसको सदस्य तथा हस्ताक्षरकर्ता समेत हो।

समाचार संस्था रोएटर्सले मुकेश अम्बानीले सरकारी निर्णयलाई प्रभावित तुल्याउने कोसिस गरिराखेका विवरण दिइरहँदा मस्कले एक्सको एउटा पोस्टमा यसरी प्रतिक्रिया दिएका थिए, "म (अम्बानीलाई) फोन गरेर भारतका जनतालाई इन्टरनेट सेवा उपलब्ध गराउनका लागि प्रतिस्पर्धा गर्नका निम्ति स्टारलिङ्कलाई अनुमति दिन धेरै समस्या नहुने बताउनेछु।"

ओवेनको विचारमा प्रशासनिक मूल्य निर्धारण विधिको विरोध गर्ने अम्बानीको कार्य रणनीतिक फाइदा हेरेर उत्पन्न भएको हुन सक्छ।उनी "लिलामीका क्रममा धेरै मूल्य कबोलेर मस्कको स्टारलिङ्कलाई भारतको बजारबाट बाहिर निकाल्न" तयार भएका हुन सक्छन्। लिलामीको बाटोलाई समर्थन गर्नेमा अम्बानी एक्ला छैनन्।

भारती एयरटेलका अध्यक्ष सुनिल मित्तलले पनि शहरी तथा महँगो सेवा लिन सक्ने ग्राहकहरूलाई इन्टरनेट उपलब्ध गराउन चाहने कम्पनीहरूले "सबैले जस्तै दूरसञ्चारको इजाजत लिनुपर्ने र स्पेक्ट्रम किन्नुपर्ने" बताएका छन्।उनी भारतको दोस्रो ठूलो ताररहित सेवाका सञ्चालक हुन्, जसले अम्बानीसँगै देशको दूरसञ्चार बजारमा ८० प्रतिशत नियन्त्रण राख्छन्। "दीर्घकालीन खतराका रूपमा रहेका अन्तर्राष्ट्रिय खेलाडीहरूको लागत बढाउने उद्देश्यले रक्षात्मकका रूपमा यस्तो प्रतिरोध गरिएको" दूरसञ्चार विशेषज्ञ महेश उप्पल बताउँछन्।

"तत्काल कुनै प्रतिस्पर्धा नहुँदा नहुँदै पनि स्याटलाइट प्रविधिहरू द्रुत गतिमा अघि बढिराखेका छन्। (भारतका) स्थलमा आधारित सेवा दिइरहेका दूरसञ्चार कम्पनीहरू 'स्याटलाइट'हरू चाँडै नै उनीहरूको प्रभुत्वलाई चुनौती दिँदै थप प्रतिस्पर्धी बन्न सक्ने कुरालाई लिएर डराएका छन्।"

स्याटलाइट इन्टरनेटको स्पष्ट रूपमा ठूलो बजार छ। परामर्शदाता कम्पनी ईवाई-पार्थेननका अनुसार भारतका १ अर्ब ४० करोड जनसंख्यामध्ये ४० प्रतिशतजति अझै इन्टरनेटको पहुँचबाहिर छन्। यसमा धेरैजसो ग्रामीण क्षेत्र पर्छन्। विश्वको अनलाइन प्रवृत्तिहरूको विश्लेषण गर्दै आएको संस्था डेटा-रिपोर्टलका अनुसार चीनमा लगभग १ अर्ब ९ करोड इन्टरनेट प्रयोगकर्ता छन्, जुन भारतका ७५ करोड १० लाखभन्दा लगभग ३४ करोडले बढी हो।

भारतमा इन्टरनेट प्रयोगको दर अझै पनि ६६.२ प्रतिशतको विश्वव्यापी औसतभन्दा पछाडि छ। तर हालैका अध्ययनहरूले यो अन्तर घटिरहेको देखाएका छन्। उचित मूल्य निर्धारण गरिएको खण्डमा स्याटलाइट ब्रोडब्यान्डले यो खाडल पुर्न केही मद्दत गर्न सक्ने ठानिएको छ। साथै यसले 'इन्टरनेट-अफ थिङ्स' (आईओटी) लाई पनि सघाउँछ। 'आईओटी' एउटा त्यस्तो सामूहिक इन्टरनेट सञ्जाल हो जसमा मानिसको दैनिकीसँग सम्बन्धित सबैजसो वस्तुहरू जोडिएका हुन्छन् र त्यसले मशिनहरूलाई एकअर्कासँग कुरा गर्न अनुमति दिन्छ। भारतमा मूल्यले ठूलो अर्थ राख्छ। मोदीका अनुसार भारतमा विश्वकै सस्तो इन्टरनेट सेवा पाइन्छ, जहाँ प्रतिगिगाबाइट १२ सेन्ट मूल्य पर्छ।

"(भारतीय सञ्चालकहरूसँग) मूल्ययुद्ध अवश्यम्भावी छ। मस्कसँग प्रशस्त स्रोतसाधन छ। घरेलु बजारमा दह्रो खुट्टा टेक्न (केही स्थानमा) उनले एक वर्ष निःशुल्क सेवा दिन नसक्ने कुनै कारण छैन," प्रविधि विश्लेषक प्रशान्त के रोय भन्छन्। स्टारलिङ्कले केन्या र दक्षिण अफ्रिकामा यसअघि नै मूल्य घटाइसकेको छ। यद्यपि यो त्यति सजिलो भने छैन। सन् २०२३ को एउटा प्रतिवेदनमा ईवाई-पार्थेननले भारतका मुख्य ब्रोडब्यान्ड प्रदायकका तुलनामा झण्डै दसगुणा महँगो स्टारलिङ्कलाई सरकारी अनुदानबिना प्रतिस्पर्धा गर्न कठिन हुन सक्ने उल्लेख गरेको छ।

स्टारलिङ्कका'एलईओ'स्याटलाइटहरूले 'एमईओ' स्याटेलाइटहरूले भन्दा व्यापक पहुँच दिनुपर्ने हुन्छ, जसले यसको सञ्चालन र मर्मतसम्भारलाई खर्चिलो बनाउँछ।त्यसो त भारतीय सञ्चालकहरूको भय निराधार पनि ठहरिन सक्छ।

"स्थलगत सञ्जालबाट सञ्चालन भैरहेको इन्टरनेट सेवा कामै नलाग्ने अवस्था नआउँदासम्म इन्टरनेट प्रदायकहरू पूरै स्याटलाइटमा आधारित सेवामा जाने छैनन्। थोरै जनसंख्या भएका क्षेत्रबाहेकका ठाउँमा स्थल सेवा सधैँ स्याटलाइटभन्दा सस्तो हुनेछ," ओवेन भन्छन्।स्याटलाइट सेवातर्फ सबैभन्दा पहिलो पाइला चालेका कारण मस्कलाई लाभ हुन सक्छ, तर " स्याटलाइट इन्टरनेटको बजारको विकास निकै सुस्त छ।"अन्तरिक्षमा आधारित इन्टरनेटका निम्ति विश्वका दुई धनाढ्यबीचको लडाइँ साँच्चै सुरु भएको छ।

# युरोपमा मुस्लिम विरोधी भेदभावमा तीव्र वृद्धि : ईयू अधिकार एजेन्सी

एएफपी

भिएन्ना । इजरायल विरुद्ध हमासको आक्रमणले युरोपमा मुस्लिम विरोधी घृणामा तीव्र वृद्धि भएको उल्लेख गर्दै युरोपका मुस्लिमहरूले अझ बढी दैनिक जीवनमा जातिवाद र भेदभावको सामना गर्छन्, जुन सन् २०१६ मा एफआरए सर्वेक्षणको अन्तिम संस्करणमा फेला परेको ३९ प्रतिशतबाट तीव्र वृद्धि हो । भेदभावको सबैभन्दा




जातिवाद र भेदभावको सामना गरिरहेको युरोपेली सङ्घ (ईयू)को अधिकार एजेन्सीले बिहीबार जनाएको छ।

'युरोपियन युनियन एजेन्सी फर फन्डामेन्टल राइट्स (एफआरए)'का अनुसार सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण गरेपछि गाजामा प्रतिशोधात्मक आक्रमण सुरु भएपछि धेरै ईयू राष्ट्रहरूले मुस्लिम विरोधी कार्यहरूमा वृद्धि भएको जनाएका छन् ।

"हमासको आक्रमणपछि मुस्लिम विरोधी घृणा र यहूदी विरोधी भावना बढेको कुरा प्रकाशमा ल्याउने थुप्रै युरोपेली सङ्घका देशबाट आएका रिपोर्टबारे हामी सचेत छौं", एफआरएका प्रवक्ता निकोल रोमेनले बताउनुभयो ।

युरोपेली सङ्घमा लगभग दुई मध्ये एक मुस्लिमले आफ्नो बढी दर अस्ट्रिया, जर्मनी र फिनल्यान्डमा रेकर्ड गरिएको छ। "हामीले युरोपमा मुस्लिम समुदाय विरुद्ध जातिवाद र भेदभावमा चिन्ताजनक वृद्धि देखिरहेका छौं", एफआरएका निर्देशक सिर्पा राउटिओले भन्नुभयो ।

"यो मध्यपूर्वमा द्वन्द्वले उत्प्रेरित भएको हो र महाद्वीपभरी देखिएको अमानवीय मुस्लिम विरोधी प्रदर्शनले स्थिति अझ खराब बनाएको छ", राउटिओले बताउनुभयो ।अक्टोबर सन् २०२१ को अक्टोबर देखि सन् २०२२ को अक्टोबरसम्म १३ वटा युरोपेली देशका ९ हजार ६ सय भन्दा बढी मुस्लिमहरुको सर्वेक्षण गरिएको थियो । मुस्लिम महिला, पुरुष र बालबालिकाहरू धर्मका कारण मात्र नभई छालाको रङ र जातीय वा आप्रवासी पृष्ठभूमिका कारण पनि हिंसामा परेको एफआरएले उल्लेख गरेको छ।

# राष्ट्रपति पुटिनले दुई वर्षपछि राष्ट्रसंघका महासचिवसँग भेट गर्ने

एएफपी

कजान ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार दुई वर्षभन्दा बढी समयमा पहिलोपटक संयुक्त राष्ट्रका प्रमुख एन्टोनियो गुटेरेससँग भेट गर्ने हुनुभएको छ ।

रुसी सहर कजानमा आयोजित ब्रिक्स सम्मेलनको अन्तिम दिन दुई पक्षबीच भेटवार्ता हुनेभएको हो । क्रेमलिनका अनुसार उहाँहरुले युक्रेन द्वन्द्वका साथै मध्यपूर्वमा बढ्दो सङ्कटबारे छलफल गर्ने अपेक्षा गरिएको छ।

गुटेरेसले युक्रेनविरुद्ध मस्कोको सैन्य आक्रमणको बारम्बार आलोचना गर्दै यसले विश्वका लागि खतरनाक उदाहरण स्थापित गरेको बताउदै आउनुभएको छ । गुटेरेस सन् २०२२ मा कियभलाई आफ्नो बन्दरगाहबाट सुरक्षित रूपमा अन्न निर्यात गर्न अनुमति दिने सम्झौताको मध्यस्थतामा मद्दत गर्दै दुई देशबीचको शान्ति प्रयासमा संलग्न हुनुभएको थियो ।



त्यसबेलादेखि दुई पक्षबीच थोरै मात्र प्रत्यक्ष कूटनीतिक सम्पर्क भएको छ ।

युक्रेनले पुटिनलाई भेट्ने संयुक्त राष्ट्रसङ्घका प्रमुखको निर्णयको कडा आलोचना गरेको छ।

पुटिनले युक्रेनलाई युद्धविरामको पूर्व शर्तको रूपमा यसको दक्षिण र पूर्वमा आत्मसमर्पण गर्न माग गर्नुभएको छ जसलाई कियभले अनावश्यक शर्तको रुपमा अस्विकार गरेको छ। गुटेरेसले कजानमा पुटिनलाई भेट्ने र सम्मेलनलाई सम्बोधन गर्ने योजना रहेको संयुक्त राष्ट्रले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घका प्रवक्ता फरहान हकले गुटेरेसले "युक्रेनमा युद्धमा आफ्नो चिरपरिचित स्थितिलाई पुनः पुष्टि गर्ने" बैठकको उदेश्य रहेको बताउनुभयो ।गुटेरेसले मस्कोले युक्रेनी क्षेत्रको विलयको योजनाले गरिरहेको आक्रमणको आलोचना गर्दै यस्ता गतिविधीको संसारमा कुनै स्थान नभएको बताउनुभएको छ । त्यसैगरी, ब्रिक्स शिखर सम्मेलनमा सहभागी विश्व नेताहरूले युक्रेन द्वन्द्व अन्त्य गर्न आह्वान गरेका छन् ।

# उत्तर कोरियाले अक्टोबरमा तीन हजार सेना रूस पठाएको अमेरिकाको दाबी

एएनआई

वासिङ्टनडीसी ।उत्तर कोरियाले कम्तिमा तीन हजार उत्तर कोरियाली सेना अक्टोबरमा रूसमा पठाएको ह्वाइट हाउसले जनाएको छ। ह्वाइट हाउसका अनुसार उनीहरू युक्रेन विरुद्धको लडाइँमा सहभागी हुने अत्यधिक सम्भावना रहेको छ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले बुधबार पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उत्तर कोरियाली सैनिकहरू युक्रेनसँग लड्न रुस जाँदैगरेको सार्वजनिक सुचना पाएको बताउनु भएको छ। सेना उत्तर कोरियाको वोनसनबाट रूसको भ्लाडिभोस्टोकसम्म जहाज मार्फत गएको बताउदै हाल उनीहरु रूसी सैन्य प्रशिक्षणमा रहेको बताउनु भएको छ। प्रशिक्षण पछि सैनिकहरूले युक्रेनी सेनाविरुद्ध लडाइँमा संलग्न हुन सक्ने चिन्ता उहाँले व्यक्त गर्नु भएको छ।

किर्बीले अमेरिकाले युक्रेनी



सरकारलाई उनीहरूको अवस्था बारेमा जानकारी दिएको बताउदै उत्तर कोरियाले मस्को र किभबिचको द्वन्द्वमा प्रवेश गरेमा युद्धमा रूस कायरतालाई उजागर गर्ने उल्लेख गर्नु भएको छ। युक्रेनविरुद्धको युद्धमा रुसले हरेक दिन असाधारण हताहत भोगिरहेको बताउदै किर्बीले अझै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावको विपरित युक्रेनसँग द्वन्द्व जारी राख्न चाहेको बताउनु भएको छ।

ह्वाइट हाउसका वरिष्ठ अधिकारीले युद्धका लागि युक्रेनलाई अमेरिकी सहयोगको बारेमा कुरा गर्दै अमेरिका युक्रेनलाई थप युद्व सामाग्रीहरू प्रदान गर्ने तयारीमा रहेको बताउनु भएको छ। उहाँले अमेरिकी राष्ट्रपति जो बाइडेन युक्रेनलाई सहयोग गर्न कटिबद्ध रहेकोसमेत जानकारी दिनु भएको छ । युक्रेनका लागि अमेरिकी समर्थनको पुष्टि गर्दै उहाँले आगामी दिनमा अमेरिकाले युक्रेन विरुद्ध रुसको युद्धका समर्थकलाई लक्षित गरी महत्वपूर्ण प्रतिबन्धको घोषणा गर्ने जनाउनु भएको छ।

# बङ्गलादेशद्वारा पूर्वप्रधानमन्त्री शेख हसिना पार्टीको विद्यार्थी सङ्गठन प्रतिबन्धित

एएनआई

ढाका । जुलाई-अगस्ट विद्रोहको नेतृत्व गर्ने विद्यार्थी समूहको मागपछि पूर्व प्रधानमन्त्री शेख हसिनाको पार्टी अवामी लिगको निकट विद्यार्थी सङ्गठन 'बङ्गलादेश छात्र लिग'लाई बङ्गलादेशको अन्तरिम सरकारले बुधबार प्रतिबन्ध लगाएको छ।

सरकारले "आतङ्कवाद विरोधी ऐन, २००९" को धारा १८ को उप-धारा (१) मा प्रदान गरिएको शक्ति अन्तर्गत बङ्गलादेश अवामी लिगको भ्रातृ सङ्गठन बङ्गलादेश छात्र लिगलाई प्रतिबन्ध लगाएको बङ्गलादेशको गृह मन्त्रालयले एक आधिकारिक आदेशमा जनाएको छ।

# फ्रान्सद्वारा लेबनानलाई दश करोड युरो सहयोगको घोषणा

एएफपी

पेरिस । फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले बिहीबार फ्रान्सले लेबनानलाई दश करोड युरो सहयोग गर्ने बताउनु भएको छ। पेरिसले लेवनानलाई वित्तीय सहयोग गर्ने लक्ष्यका साथ आयोजना गरेको सहायता सम्मेलनलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो। युद्धको सकेसम्म चाँडो अन्त्य हुनुपर्ने र लेबनानमा युद्धविराम हुनुपर्नेसमेत उहाँले बताउनु भयो।

यसै सन्दर्भमा लेबनानी सरकारका प्रमुखले अन्तर्राष्ट्रिय समुदायलाई एक साथ समर्थन गर्न तथा तत्काल युद्धविराम लागू गर्न आह्वान गर्नुभएको छ। फ्रान्सले लेबनानका लागि आधा अर्ब यूरो जुटाउने लक्ष्य राखेको छ जुन संयुक्त राष्ट्रसङ्घको प्रारम्भिक अपिलभन्दा दश करोड बढी हो।

म्याक्रोनले आर्थिक योगदानको साथै, पेरिसले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव -१७०१ अनुरूप लेवलानलाई गुमेको भुमि फिर्ता गर्न सेनालाई सहयोग गर्ने बताउनु भएको छ। म्याक्रोनले हमासको सन् २०२३ अक्टोबर-७ को आक्रमणको एक वर्ष पछि इजरायलले सेप्टेम्बरको अन्त्यमा दक्षिणी लेबनानमा इरान समर्थित हिजबुल्लाह विरुद्ध स्थलगत आक्रमण सुरु गरेको बताउदै अन्धाधुन्ध आक्रमण रोक्नु पर्ने जनाउनु भएको छ।

जर्मनीले पनि बिहीबार मानवीय सहायता अपिलमा लेवनानलाई ९६ मिलियन युरो योगदान गर्ने जनाएको छ।

# कालीगण्डकी बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत् आयोजनाको लागत दुई खर्ब २४ अर्बभन्दा बढी

पर्वत । छ सय ४० मेगावाट क्षमताको बहुउद्देश्यीय कालीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि रु दुई खर्ब २४ अर्ब ६५ करोड लागत लाग्ने भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको विद्युत् विकास विभागको प्रस्तावमा तायर पारिएको वातावरण प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनको मस्यौदामा परियोजना सम्पन्न गर्न अनुमानित सो रकम लाग्ने उल्लेख छ । विभागको प्रस्तावमा जेभि स्मिक इन्टरनेशनल प्रालि अस्ट्रेलिया र जेड कन्सल्ट प्रालि नेपाल काठमाडौंले इआइएको काम गरिरहेको छ ।




पर्वतको विहादी गाउँपालिकामा निर्माण हुने परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको काम अन्तिम चरणमा पुगेको छ । आयोजना निर्माणका बारेमा बुधवार पर्वत सदरमुकाम कुश्माबजारमा भएको सार्वजनिक सुनुवाइमा आयोजनाको कुल लागत, यसले ओगट्ने क्षेत्रफल, प्रभावित क्षेत्रलगायतका बारेमा संक्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको छ । जसमा आयोजनाका कारण चार जिल्लाका ३२ वडा प्रभावित हुने उल्लेख छ । पर्वत, बागलुङ, स्याङ्जा र गल्मीका सात पालिका यसका प्रभावित क्षेत्र हुन् ।

आयोजनामा चार वटा फ्रान्सिस टबाईन हुनेछन् भने दुईवटा टेलरेश निर्माण गरिने छन् । समुद्री सतहदेखि पाँच सय ७० मिटरको उचाइमा निर्माण हुने आयोजनामा डाइभर्सन टनेल दुईवटा, बाँधको उचाइ दुई सय ४४ मिटर र सात सय ६० मिटर चौडाइ हुने प्रतिवेदनमा उल्लेख छ। आयोजना निर्माणपछि पर्वतको विहादीदेखि जलजला गाउँपालिकाको खनियाँघाटसम्म करिब २९ किलोमिटर लामो जलाशय निर्माण हुने जनाइएको छ ।

प्रतिवेदन लेखनमा सङ्लग्न वातावरणविज्ञ खडक महताले यस आयोजनाबाट वार्षिक एक सय ६३ करोड युनिट विद्युत् उत्पादन हुने अनुमान गरिएको र जसबाट वार्षिक रु १५ अर्ब आम्दानी गर्न सकिने जानकारी दिनुभयो । उहाँका अनुसार उक्त आयोजना प्राविधिक, आर्थिक र वातावरणीय हिसावले सम्भव देखिएको छ । सुरुमा आठ सय ४४ मेगावाट निर्माण हुने सर्वेक्षण गरिए पनि पछिल्लो प्रतिवेदनले छ सय ४४ दशमलव ३९ मेगाबाट उत्पादन हुने देखाएको हो ।

महताले भन्नुभयो,“आयोजना निर्माणपछि प्रभावित क्षेत्रका चार सय ३६ घरपरिवार विस्थापित हुने छन् । यो आयोजनाको बाँध, पावरहाउस, टेलरेस, टनेल, डाइभर्सन, आउटलेटलगायतका संरचना निर्माणका लागि एक हजार आठ सय ९० हेक्टर जग्गा आवश्यक पर्नेछ । जसमध्ये आठ सय तीन हेक्टर निजी र एक हजार ८२ हेक्टर वन क्षेत्र पर्नेछ भने अन्य राजमार्ग र महत्वपूर्ण सडक पर्नेछन् ।”

बहुउद्देश्यीय परियोजनाको रूपमा अघि बढेको यो आयोजना सुरु भएपछि यस क्षेत्रका दुई हजार पाँच सय स्थानीयले रोजगारीको अवसर पाउने अनुमान गरिएको छ । स्थानीय श्रोतको उपयोग, विद्युतीकरण, रोयल्टी तथा शेयरको उपलब्धता, पर्यटन, मनोरञ्जन, विकास तथा भौतिक पूर्वाधार निर्माणजस्ता सकारात्मक प्रभाव र वायु, ध्वनी र पानी प्रदूषण, सामुदायिक स्वास्थ्य र सुरक्षाको जोखिम, हरितगृह ग्यास उत्सर्जनजस्ता केही नकारात्मक असर पर्ने पनि प्रतिवेदनमा उल्लेख छ ।

कालीगण्डकी धार्मिक एवम् पौराणिक हिसाबले समेत महत्वपूर्ण रहेकाले नदी किनारमा रहेका मोदीवेणी, जैमिनीलगायतका प्रसिद्ध धाम तथा विभिन्न घाटसमेत डुबानमा पर्नेछन् । प्रतिवेदनमा तिनको उचित स्थानान्तरण तथा व्यवस्थापन गरिने उल्लेख छ। त्यसैगरी १० मेगावाटको तल्लो मोदी-१ जलविद्युत् आयोजना, एक दशमलव पाँच मेगावाटको ठेउलेखोला र तल्लो ठेउलेखोला, बञ्जिजम्प, जिपलाइन, तथा पुष्पलाल मध्यहाडी र कालीगण्डकी करिडोरको केही भागमा समेत प्रभाव पर्ने जनाइएको छ ।

सार्वजनिक सुनुवाइमा सहभागी यस क्षेत्रका नागरिकले कालीगण्डकीको सभ्यतालाई असर नपर्ने गरी र यहाँ रहेका पौराणिक र ऐतिहासिकस्थललाई प्रभावित नगर्ने गरी निर्माण गर्न सुझाव दिएका छन् । कुश्मा नगरपालिकाका ११, फलेवास नगरपालिकाका छ, विहादी गाउँपालिकाका २, जलजला गाउँपालिकाको एक, बागलुङको बागलुङ नगरपालिकाका छ, जैमिनि नगरपालिकाका चार र गुल्मीको कालीगण्डकी गाउँपालिका वडा नं ६ र स्याङ्जाको गल्याङ नगरपालिका वडा नं ५ र ६ का बासिन्दाबीच सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो ।

विद्युत् विकास विभागका इन्जिनियर सुनिल पौडेलका अनुसार विसं २०७६ चैत ५ गतेदेखि आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको काम सुरु भएको थियो । प्रतिवेदनअनुसार उक्त लगानी नेपालले मात्र गर्न सक्ने अवस्था देखिएको छैन । जसका लागि नागरिक र वैदेशिक लगानीकर्ताको समेत सहभागिता जुटाउनुपर्ने उहाँको भनाइ छ । यहाँ उत्पादित विद्युत् २२० केभी क्षमताको कुश्मा-बुटवल प्रसारण लाइनमा जोडिने छ ।

नेपालकै अन्य जलाशययुक्त जलविद्युत् आयोजनाभन्दा सस्तो र कम क्षति पुर्‍याउने उक्त आयोजना देशकै नमूना हुने र पर्यटकीय हिसाबले समेत निकै ठूलो फड्को मार्नेमा विश्वास लिइएको फलेवास नगरपालिकाका पूर्वप्रमुख पदमपाणि शर्माले बताउनुभयो ।रासस

# विदेशी मुद्राको विनिमय दर यस्तो छ



काठमाण्डु । नेपाल राष्ट्र बैंकले विहिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २४ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८४ पैसा कायम भएको छ ।

युरोपियन यूरो एकको खरिददर एक सय ४४ रुपैयाँ ६८ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ३३ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ १० पैसा र बिक्रीदर एक सय ७४ रुपैयाँ ८८ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ ८२ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ५२ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ २० पैसा र बिक्रीदर ८९ रुपैयाँ ५९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ५ पैसा र बिक्रीदर ९७ रुपैयाँ ४८ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ६१ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ७८ पैसा र बिक्रीदर आठ रुपैयाँ ८२ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८३ पैसा र बिक्रीदर १८ रुपैयाँ ९१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ८६ पैसा र बिक्रीदर ३१ रुपैयाँ, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७० पैसा र बिक्रीदर नौ रुपैयाँ ७५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ६७ पैसा र बिक्रीदर १२ रुपैयाँ ७३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४० पैसा र बिक्रीदर १९ रुपैयाँ ४९ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २८ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ८१ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ७६ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ ५ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६४ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यक्तानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ ।

वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# नब्बे वर्षको उमेरमा कृषि र पशुपालनमा सक्रिय

डडेल्धुरा । सामान्यतया ९० वर्षको उमेरमा अधिकांशलाई हिँडडुल गर्न गाह्रो हुन्छ । तर, डडेल्धुराको गन्यापधुरा गाउँपालिका-१ भात्काँडाका तारादत्त भट्ट ९० वर्षको उमेरमा पनि शारीरिक रुपमा सक्रिय हुनुहुन्छ । यो उमेरमा उहाँले व्यावसायिक कृषि र पशुपालन गरेर वार्षिक रु २० लाखसम्म आम्दानी गर्दै आउनुभएको छ ।

उहाँले ४० रोपनी जग्गामा तरकारीखेती गर्नुभएको छ। तरकारीबाटै वार्षिक रु १० लाख आम्दानी लिने गरेको उहाँले बताउनुभयो । विगत ३० वर्षदेखि भट्टले खसीबाख्रा र भैँसीपालन गर्दै आउनुभएको छ । हाल उहाँको गोठमा ५० वटा खसीबाख्रा छन् । तीन वटा उन्नत जातका भैँसी छन् । घरका भित्ताभरी माहुरीका आधुनिक तथा परम्परागत घार छन् । आँगनको कुनामा खरायोका खोर छन् ।

कृषि पेसामै सक्रिय भएकाले आफू निरोगी भएको उहाँ बताउनुहुन्छ । “सानैदेखि हजुरबुबा र बुबासँग खेतीपाती गर्न सिकेँ । जिन्दगीमा जेजे गरे पनि कृषिलाई छाड्न सकिँन”, उहाँ भन्नुहुन्छ, “यही काम गर्दागर्दै मर्न परोस अरु मलाई केही चाहिएन ।”खेती र पशुपालनबाटै आर्थिक रुपमा सम्पन्न उहाँले गाउँघरका छिमेकीलाई सङ्कट पर्दा सरसापटी दिने गर्नुहुन्छ । उहाँको जाँगर देख्ने जोकोहीले प्रेरणा लिने गरेको स्थानीय दुर्गा भट्टले बताउनुभयो ।

उहाँले व्यावसायिक कृषि तथा पशुपालन सुरु गरेदेखि हालसम्म सरकारी अनुदान लिनुभएको छैन । तर माहुरीका लागि भने केही अनुदान पाए सहज हुने र हौसला मिल्ने आशामा हुनुहुन्छ ।

भट्टको अनुभवमा पछिल्लो समयमा हावापानीमा देखिएको परिवर्तनले धेरै असर गरेको छ । बजारमा पाइने नयाँ बीउ, मल, विषादीले पनि असर गरेको उहाँको अनुभव छ । पहिले-पहिले पाँच किलोसम्मको काउली उत्पादन हुने उहाँको बारीमा आजभोलि त्यत्रो काउली फल्दैन ।रासस

# स्नातकोत्तर गरेका अर्याल कुखुरापालनमा

रामपुर । उच्च शिक्षा हासिल गरेर पनि गाउँमा नै कृषिकर्ममा रमाउने मानिस हिजोआज विरलै पाइन्छन् । व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएका पाल्पा रामपुर नगरपालिका-८ आँपचौरका भुवन अर्याल कुखुरापालन गरेर समाजमा उदाहरणीय बन्नुभएको छ ।

उहाँको व्यवसाय पाल्पामा नमूना बनेको छ । उद्यमी अर्यालले रामपुर-८ खैरेनीमा प्रशस्त धान उत्पादन हुने खेतमा संरचना बनाएर रामपुर एग्रो तथा कृषि फार्म सञ्चालन गर्नुभएको छ । “गाउँका युवा साथी रोजगारीको क्रममा सहर, बजार तथा वैदेशिक रोजगारीमा पुगेका छन्, गाउँ नै युवा नरहने अवस्था आयो, यहीँ केही गरौँ भनेर कुखुरापालनमा लागेको छु”, उहाँले भन्नुभयो, “यो व्यवसाय देखेर अरुले पनि केही सिको गरुन् भन्ने मेरो चाहना छ ।” उहाँ विगत सात वर्षदेखि यो व्यवसायमा आबद्ध हुनुहुन्छ ।

पाँच रोपनी जग्गामा चारैतिर घेराबार गरी उहाँले कुखुरापालन गर्नुभएको छ । उहाँको फार्ममा हाल एक हजार सात सय ५० बोइलर कुखुरा छन् । सुरुमा अण्डा उत्पादन र मासुका लागि कुखुरा पाल्नुभएका अर्यालले हाल मासुका लागि मात्र कुखुरापालन गर्नुभएको छ । उहाँको फार्ममा हाल एक हजार बेच्न लायकका कुखुरा छन् भने सात सय ५० हुर्कंदै गरेका चल्ला छन् । कुखुरा बिक्रीका लागि बजारको समस्या छैन । रामपुर बजारमा सहजै बिक्री हुने गरेको अर्यालले बताउनुभयो । उहाँले एक वर्षमा १२ पटकसम्म कुखुराका चल्ला खरिद गर्ने र तिलाई हुर्काएर बिक्री गर्दै आउनुभएको छ ।

उद्यमी अर्यालले रु ५० लाख लगानीमा कुखुरा पाल्न थाल्नुभएको हो । यसबाट वार्षिक रु सात लाखसम्म आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ । स्थानीय सूर्योदय सहकारीबाट चल्ला फार्ममै आउने भएपछि व्यवसायमा चल्ला खरिदको समस्या नभएको उहाँले बताउनुभयो । व्यवसाय धान्न एक जनालाई रोजगार दिनुभएको छ । टिक्ने खालको संरचना बनाएर व्यवसाय गर्नुभएको छ ।



गाउँका तीन जना युवाको सहकार्यमा सुरु गरेको व्यवसाय डेढ वर्षदेखि अर्याल एक्लैले धान्दै आउनुभएको छ । कुखुरापालनसँगै उहाँले माछापालन पनि गर्नुभएको छ । व्यवसाय ठूलो र नमूना खालको भएकाले पनि फार्म अवलोकन गर्न जाने गरेको पाइन्छ । फार्ममै पुग्ने सडक सुविधा भएपछि दाना ल्याउन र कुखुरा बिक्रीका लागि बजार लैजान धेरै सजिलो छ । अर्याललाई यो व्यवसायले दाम मात्र नभई समाजमा नाम पनि दिएको छ ।

व्यवसाय थाल्नेबित्तिकै धेरै आम्दानी गर्छु भनेर गर्ने होइन, कसरी लामोसमयसम्म टिकाउन सकिन्छ, धैर्यका साथ काम गरियो भने अवश्य पनि सफलता मिल्ने उहाँको अनुभव छ । रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय शिवचौकको २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकमबुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशनगरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथावित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषिविकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूलउपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | मि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | उदेश्य | साँवा रकम | भाखा नाघेको साँवा रकम | ०८१।०६।३० सम्म व्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम | धितो मंजुरीनामा दिने वा जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गणेश टेन्ट हाउस प्रो.गणेश भगत | जनकपुर -०९ | ११२० | भोला भगत | सिताराम भगत | व्यापार | १०००००० | | ३४६९१।६५ | १,०३४,६९२ | गणेश भगत |
| २ | बिनोद झा | गौडाभत्तपुर-०१ | २१७७ | चुनचुन झा | बिलट झा | घरायसी | २५००००० | | २६२९१९।४ | २,७६२,९१९ | |
| ३ | गोपाल गाई फारम | बगेवा -७ | १९२१ | प्रो. इन्द्रकान्त झा | जनक झा | पशुपालन | १०००००० | | ५०,२९४।६९ | १,०५०,२९५ | इन्द्रकान्त झा |
| ४ | गुडिया देवी जेनरल स्टोर्स | जनकपुर -०९ | २१६३ | प्रो. गुडिया देवी | रामबाबु साह | विभिन् | ४२००००० | | ५२१,११८।६९ | ४,७२१,११९ | |
| ५ | मिरा ट्रेडर्स प्रो.राम विनेश पंजियार | जनकपुर ०१ | १२०४ | सुर्य नारायण पंजियार | गुदरी पंजियार | व्यापार | २५००००० | ० | २६९,५३८।४५ | २,७६९,५३८ | सोनावती साह पंजियार |
| ६ | जय हनुमान सप्लायर्स प्रो.राज कुमार साह | जनकपुर १४ | १८९५ | सुनिता कुमारी साह | रामपृत साह | व्यापार | १६५०००० | | ५७,२३२।८६ | १,७०७,२३३ | सुनिता कुमारी साह |
| ७ | अमित कुमार चौधरी | जनकपुर- २३, बिन्धी | २११५ | देवेन्द्र चौधरी भुमिहार | सुर्यदेव चौधरी | कृषि | ६००००० | २९६११३।१ | १३,२९५।१४ | ६१३,२९५ | |
| ८ | बिपिन कुमार मण्डल | हातिपुर हदवादा गा.वि.-५, धनुषा | २०३२ | चन्द्र नारायण मण्डल | गुरु दयाल मण्डल | घरायसी | ८००००० | | २३६,६५०।१७ | १,०३६,६५० | |
| ९ | जमुना यादव | अनटुपटी -०८ | २०८८ | धनेश्वर यादव | नन्द यादव | घरायसी | २०००००० | ० | ५१,८४१ | २,०५१,८४१ | |
| १० | ईश्वर कन्सर्टक्शन | जनकपुर-१३ | १८११ | प्रो.राम ईश्वर साह | | सेवा | २०००००० | | २८२,१६६ | २,२८२,१६६ | बेचन साह,शिवजी साह |
| ११ | सलनति कुमारी यादव | जनकपुर -१४ धनुषा | १७२९ | राधा कृष्ण यादव | दया राम यादव | उपभोक्ता | १४००००० | ० | ३३१,९२७ | १,७३१,९२७ | |
| १२ | रेणु कुमारी देवी | जनकपुर-१३ | १८१० | विशेश्वर साह | अकल साह | ओ.डि. | १०००००० | ० | १८४,५५१ | १,१८४,५५१ | |
| १३ | सुर्य देव साह | जनकपुर-०२ | २१३३ | श्री उत्तम लाल साह | फुसी साह | घरायसी | ३०००००० | ३०००००० | ४२३४३० | ३,४२३,४३० | |
| १४ | वृजलाल साह सुडी | वडिया बन्चौरी - ८ | १८०४ | भुटकुन साह सुडी | अनुप साह सुडी | घरायसी | २८५०००० | | ५६६०२२।५ | ३,४१६,०२२ | |
| १५ | नन्दनी दही डेरी प्रो.मोलहा मंडल | जनकपुर-०४ | १८८१ | सुकदेव मंडल | | घरायसी | ३२००००० | | ५३८३८२।९ | ३,७३८,३८३ | उषा क'मारी खडका |
| १६ | पुजा जेनरल स्टोर्स प्रो धर्मनाथ साह | जनकपुर-०९ | १० | रामअशिष साह | | व्यापार | ४१९००० | ४१९००० | २४०४३ | ४४३,०४३ | कलसीया देवी |
| १७ | जानकी कलेक्सन सेन्टर प्रो. सुनिल कुमार साह | जनकपुर-०२ | १५४७ | रामऔतार साह | कपुरचन साह | व्यापार | ६००००० | | ३६५५४।६८ | ६३६,५५५ | तेतरी देवी |
| १८ | लवकुश पशुपंक्षी तथा कृषि फर्म | औरही -०१ | २२९४ | प्रो. विभा देवी यादव | पति विशेश्वर प्रसाद यादव | पशुपालन | ३०००००० | | १४७४७३।५ | ३,१४७,४७३ | पति विशेश्वर प्रसाद यादव |
| १९ | मनि कोल्ड स्टोर्स प्रो.संजय कुमार यादव | जनकपुर-२३ बिन्धी | २१३१ | लक्ष्मेश्वर यादव | कुशेश्वर यादव | व्यापार | २५००००० | | २१४७७२।५ | २,७१४,७७२ | लक्ष्मेश्वर यादव |
| २० | आन्नद पशुपालन फर्म | जनकपुर-१९ | २२२९ | प्रो. राम उदगार यादब | भुटाई यादब | सरल कृषि कर्जा | ८००००० | | १०५३४२।८ | ९०५,३४३ | कुशमी देवी यादव |
| २१ | युवराज जनरल अर्डर सप्लायर्स | जनकपुर-१३ पिडारी टोल | २१०४ | प्रो. राम ईश्वर साह | अकलु साह | व्यापार | ३०००००० | | ६६६०७।१ | ३,६६६,०७१ | बेचन साह,शिवजी साह |
| २२ | भरत प्रसाद साह | महेन्द्रनगर-१ | २०१७ | अर्जुन प्रसाद साह | सहेन्द्र साह | घरायसी | ९९५००० | ० | ५८४५६।४६ | १,०५३,४५६ | सावित्री देवी |
| २३ | शुभलक्ष्मी कलेक्शन प्रो.राम( दयाल साह | जनकपुर-०२ | २११३ | लक्ष्मी साह | | व्यापार | ३९९५१७० | ९५१७० | १०८९०६ | ४,१०४,०७६ | रामदयाल साह |
| २४ | मिना देवी मंडल | धनौजी ८ | २२२१ | रामचन्द्र मंडल केवट | सोभित मंडल | ओ.डि. | २०००००० | | १४३७३४ | २,१४३,७३४ | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# राष्ट्रिय मुक्ति क्रान्तिमा केन्द्रीय उपाध्यक्ष चौधरी प्रवेश

**टुडे समाचारदाता**

राजविराज । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय उपाध्यक्ष चन्द्रकान्त चौधरीसहितका नेता तथा कार्यकर्ताहरु प्रवेश गरेका



छन् ।

राजविराजमा बिहीबार सप्तरीको डाक्नेश्वरी नगरपालिका निवासी पूर्वसांसद समेत रहेका चौधरीले लोसपाको साधारण सदस्यसमेत नरहने गरी राजीनामा गरेका छन् ।

सो पार्टी परित्याग गरे लगत्तै बिहीबार नै उनी राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीका वरिष्ठ नेता एवं ललितपुरबाट निर्वाचित संविधान सदस्य योगेन्द्र घिसिङ, सोही पार्टीका बागमती प्रदेश समितिका अध्यक्ष दलबहादुर तामाङ र केन्द्रीय सचिवालय सदस्य ओमप्रकाश चौधरी पनि राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।

त्यस्तै जनजाति कल्याण आश्रम नेपालका केन्द्रीय महासचिव प्रेम प्रसाद राई लगायतका नेतासहित सयौंको संख्यामा विभिन्न पार्टीका अगुवा कार्यकर्ता राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेको अध्यक्ष राजेन्द्र महतोले एक प्रेस विज्ञप्तिमार्फत जनाएका छन् ।

# विद्यालयमा हस्तक्षेप गरेको भन्दै शिक्षकहरुद्वारा आन्दोलनको चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम । विना जानकारीको प्रधानाध्यापक बनाउनकै लागि एक शिक्षकलाई एकाएक ल्याएको भन्दै शिक्षकहरुले आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाले संकटमोचन देवशरण रामरती माध्यमिक विद्यालयमा हस्तक्षेप गरेपछि नेपाल शिक्षक संघले आन्दोलन गर्ने चेतावनी दिएको छ ।

विद्यालयको ताल्चा गुपचुप रुपमा फोडेर अन्य विद्यालयका एक प्रधानाध्यापकलाई शिक्षकको रुपमा हाजिर गराए पछि नेपाल शिक्षक संघ स्थानीय कार्य समिति जनकपुरधामले विरोधसमेत गरेको छ ।

संकटमोचन देवशरण रामरती माध्यमिक विद्यालयको प्रशासनिक कार्यालयको ताल्चा तोडेर हाजिर गराइएको भन्दै सो विद्यालयका नेपाल शिक्षक संघस्थानीय कार्यसमिति जनकपुरधामका स्थानीय अध्यक्ष गौरी शंकर लाल कर्णले विरोध गर्दै ज्ञापनपत्र समेत बुझाएका छन् ।

स्थानीय अध्यक्ष कर्णको अगुवाईमा शिक्षकहरुको एक टोलीले जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहलाई ज्ञापनपत्रसमेत बुझाएका छन् । उनीहरुले जनकपुरधाम उपमहानगरपालिकालाई निर्णय नसच्याएमा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् ।

संकटमोचन देवशरण रामरती माध्यमिक विद्यालयमा कार्यरत प्रधानाध्यापक बलिराम साहलाई समेत विना कुनै जानकारीको एकाएक उनको स्थानमा जगदीश साहलाई ल्याएर हाजिर गराएपछि जनकपुरधाम उपमहानगरले गरेको कामको विरोध गरेका छन् ।

शिक्षक जगदीश साह विवादित प्रधानाध्यापक रहेको भन्दै उनको काज सरुवालाई अविलम्ब बदर गरी निजलाई अन्य विद्यालयमा व्यवस्थापन गर्न माग गरेका छन् ।

ज्ञापनपत्र बुझाउँदै सो जगदीश साहको काज सरुवा अविलम्ब फिर्ता नलिएमा चरणवद्ध रुपमा आन्दोलमा विभिन्न कार्यक्रमहरु गर्ने चेतावनीसमेत उनीहरुले दिएका छन् ।

विद्यालयमा निवर्तमान प्रधानाध्यापक बलिराम साहको अनुपस्थितिमा जगदीश साहलाई जनकपुरधाम उपमहानगरले जवर्जस्तीरुपमा हाजिर गराए पछि शिक्षकहरुले विरोध गरेका स्थानीय अध्यक्ष कर्णले बताए ।

उनले माग पूरा नभएमा हामी चरणवद्धरुपमा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# 'आन्दोलनकारीलाई तर्साउने एमालेको सोच क्रूर नाजीवादी हो'

**टुडे समाचारदाता**

जनकपुरधाम ।

नेकपा एमालेले शान्तिपूर्ण आन्दोलनलाई अपराधको रूपमा चित्रित गरेको भन्दै आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले आपत्ति जनाएका छन् ।

पूर्वमन्त्रीसमेत रहेको प्रतिनिधिसभा सदस्य साहले गरेर रास्वपाका सभापति रवि लामिछानेको पक्षमा सडकमा आन्दोलनकारीलाई तर्साउन खोजेको टिप्पणी गरेका छन् ।

एमालेका महासचिव शंकर पोखरेलले एक विज्ञप्ति जारी गर्दै राष्ट्र सेवकलाई कानुनबमोजिम तोकिएको काम गर्न नदिन वा कर्तव्य पालना



बिहीबार सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमा उनले एमालेको सोच क्रुर नाजीवादी रहेको भन्दै शान्तिपूर्णमा आन्दोलन गरिरहेकाहरुलाई तर्साउनु गलत सोभ रहेको बताए ।

अध्यक्ष साहले शान्तिपूर्ण आन्दोलन गर्न जोकोहीले पाउने भएपनि एमालेले विज्ञप्ति नै जारी गर्न नदिने हिसाबले पाँच जना भन्दा बढीको भेला गर्नु गराउनु आफैँमा कसुर भएको उल्लेख गरे छन् । उनले सो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक व्यक्ति कसुरदार मानिने कानुनी व्यवस्था भएतर्फ सबै पक्ष सचेत हुनुपर्ने बताएका थिए ।

# ट्रेड युनियन कााँग्रेस विशेष सांगठनिक अभियानमा

**टुडे समाचारदाता**

राजविराज । नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीले आवद्ध सबै पेशागत संघ संगठनलाई संगठित र सक्रिय बनाउने निर्णय गरेको छ । ट्रेड युनियन कांग्रेसमा आवद्ध सबै शुभेच्छुक संघसंगठनको भेला, छलफल तथा प्रशिक्षणलगायतका कार्यक्रम अभियानकै रुपमा संचालन गरिने भएको छ ।



ाजविराजमा बिहीबार नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीको प्रथम जिल्ला परिषद्मा आवद्ध संघ, संगठनका प्रतिनिधिहरुको सुझावमा यस्तो निर्णय गरिएको नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डलले जानकारी दिए ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको रुपमा रहेको ट्रेड युनियनको गतिविधि विगतको तुलनामा कमजोर भइ आवद्ध संघ, संगठनमा समेत असर परेको तथा अगुवाहरुमा निराशा छाएको भन्दै सहभागि वक्ताहरुले उनीहरुमा आशा जगाउन पनि भेला, छलफल र प्रशिक्षण लगायतका कार्यक्रम अभियानकै क्रममा अघि बढाउनु आवश्यक रहेको बताएका थिए ।

सो कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साहले मातहतका शुभेच्छुक संस्था बलियो भए कांग्रेस पनि बलियो हुने भन्दै ट्रेड युनियन र सो मातहतका संघ, संगठनलाई संगठित, गतिलो बनाउन तथा उनका अगुवाहरुमा उत्साह र उर्जा थप्न आफूले सक्दो सहयोग गर्ने बताए ।

ट्रेड युनियन कांग्रेस स्व. नेता गिरिजा प्रसाद कोइरालाले स्थापना गरेको स्मरण गर्दै उनले संगठनलाई जिवन्त राख्न आफ्नो तर्फबाट कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता समेत जनाए ।

नेपाली काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डलले ट्रेड युनियन काँग्रेसको सांगठनिक संरचनालाई अझ सुदृढ बनाउनु पर्ने आवश्यकता महसुस गरिएको भन्दै यसका लागि पार्टी भित्रको गुट उपगुट परित्याग गरी सबै मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

जिल्ला परिषद्मा ट्रेड युनियन कांग्रेस सप्तरीका सचिव रामप्रसाद यादवले सांगठनिक तथा कोषाध्यक्ष प्रमोद कुमार यादवले कोषाध्यक्षीय प्रतिवेदन पेश गरेका थिए ।

सो कार्यक्रममा नेपाली कांग्रेसका क्षेत्रीय सभापति उमेश मिश्र, ट्रेड युनियन काँग्रेस मधेश प्रदेशका उपाध्यक्ष बैधनाथ यादव, एम्ब्रोडी ह्यान्डी क्राप्ट तथा सिलाई बुनाई श्रमिक केन्द्र मधेश प्रदेशका अध्यक्ष कमल परियार, नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीका उपाध्यक्ष नन्देश्वर मण्डल, प्रेस युनियन सप्तरीका सचिव रामानन्द देव, कारखाना मजदुर श्रमिक संघका अध्यक्ष गजेन्द्र प्रसाद गुप्ता रौनियार, नेपाल शिक्षक संघका राजदेव यादव, नेपाल सार्वजनिक कर्मचारी संघका बिजय यादव लगायतले पनि बोल्दै ट्रेड युनियनकर्मीको समस्या र समाधान बारे आ-आफ्नो सुझाव राखेका थिए ।

# 'राज्यको विकासमा घरेलु उद्योगको महत्वपूर्ण भूमिका'

**टुडे समाचारदाता**

मलंगवा।सर्लाहीकोमलंगवामा खाने तेल उद्योग सञ्चालनमा आएको छ । मानव स्वास्थ्यलाई ध्यानमा राखेर उपभोक्तालाई शुद्ध खाने तेल उपलब्ध गराउने उदेश्यले मलंगवा-१० स्थित जिविस चोकमा स्नेही फुड



प्रोसेसिंग प्रालि सञ्चालनमा आएको छ ।

सो उद्योगको बिहीबार सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले उद्घाटन गरेका छन् । कृष्णा कुमारी यादवले आफ्ना ससुराको नाम बाट संचालनमा ल्याएको सो उद्योगमा स्थानीय किसानहरुले उत्पादन गरेको तोरी र सरसोबाट स्वास्थ्यलाई समेत फाइदा पुर्याउने शुद्ध तेल निकालेर उपभोक्ताहरुलाई विक्री गर्ने जनाइएको छ ।

सो उद्योगको उद्घाटन गर्दै प्रजिअ अधिकारीले सो उद्योग संचालनमा आएपछि किसानहरुलाई अन्य बालीसंगै तेलहन बाली लगाउन प्रोत्साहन मिलेको बताए। प्रजिअ अधिकारीले घरेलु उद्योगको विकास र प्रवर्द्धनबाट देश विकासमा टेवा पुग्ने बताए ।

महिला गृहिणीहरूले घरेलु उद्योग संचालन गरेर स्वरोजगार बन्न लागेको बताए ।

उद्योगको दैनिक ३ सय लिटर तेल उत्पादन गर्ने क्षमता रहेको प्रोपराइटर कृष्णा कुमारी यादवले जानकारी दिए ।

# सिमल कटान गरेको आरोपमा तीन जना पक्राउ

**टुडे समाचारदाता**

बर्दिवास । जंगली सिमलको रुख कटान गरिरहेको अवस्थामा वन कर्मचारीले तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गौशाला नगरपालिका वडा नम्बर ५ स्थित इटाटारका ५३ वर्षीय नरवीर भन्ने नन्दलाल विश्वकर्मा, गौशला- १ स्थित रामनगर फूल चोकका ४२ वर्षे मनोजकुमार साह र गौशाला ४ रजखोरका ३१ वर्षीय जीवन सहनी रहेको माइस्थानस्थित सब डिभिजन वन कार्यालयले जनाएको छ ।



पक्राउ परेकामध्ये साह काठका ठेकेदार तथा विश्वकर्मा र सहनी मजदुर रहेको प्रारम्भिक अनुसन्धान पछि खुलेको जनाएको छ । वन गस्तीले गौशाला नगरपालिका-८ स्थित लिख टोलबाट उनीहरुले अवैध रुपमा कटान गरेको २५० क्युबिक फिट बराबरको १४ थान सिमलका काठ र नम्बर प्लेट स्पष्ट नभएको एक थान ट्रैक्टर नियन्त्रणमा लिएको छ ।

लोपोन्मुख सिमल कटान गरिरहेको सूचनाको आधारमा सब डिभिजन वन प्रमुख कृष्णकुमार पटेल तथा सशस्त्र वन रक्षक कमाण्डर अवतार लामाको नेतृत्वमा दलबलसहित बुधबार घटनास्थल पुगेको वन कर्मचारीको टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

वनको सुरक्षा नियन्त्रणमा रहेका काठ ठेकेदार साहले आफूले नम्बरी आवादीको रुख भएको विश्वासमा परेर लिख टोलका एकजना जग्गाधनीसँग ३९ हजारमा सिमलको रुख खरिद गरेको बताए ।

डिभिजन वन अधिकृत (डिएफओ) डिभिजन वन अधिकृत अजयकुमार मिश्रले सिमलको रुख लोपोन्मुख प्रजातिमा पर्ने भएकोले वनको इजाजत नलिई नम्बरी आवादीमै भए पनि काटन नपाइने बताए ।

अग्लो प्रजातिको जंगली सिमल गिद्ध, चील, सारस, गडुल, सुगा, मैना, लाटोकोसेरो, वन माहुरी (घारे) लगायतका दुर्लभ पन्छी र अन्य जीवका वासस्थान भएकोले सोको संरक्षण प्राथमिकतामा रहेको मिश्रले बताए ।

## दीपावली गर्दा सतर्क रहौ

**दीपावलीको समयमा :**

- मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

**त्यसबाट बच्न:**

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सटभई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तिको प्रयोग गरौं,
- पटका तथा अन्य प्रज्वनशील वस्तुको प्रयोग नगरौं,

**आगजानीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# मिनि म्याराथुन प्रतियोगिता सम्पन्न



**टुडे समाचारदाता**

बर्दिवास । विश्व पोलियो दिवसमा बर्दिबासमा खुल्ला मिनि म्याराथुन प्रतियोगिता सम्पन्न भएको छ ।

बर्दिबासमा बिहीबार मिनि म्याराथुन प्रतियोगिताका खेलाडीहरू जनता क्याम्पस हुँदै हमाल टोल भएर बिपी राजमार्ग भएर पुनः खुल्ला चौरमा आएर समापन भएको थियो ।

सो प्रतियोगितामा महिला तथा पुरुष गरेर ९५ जना धावक खेलाडीहरूको सहभागिता रहेको थियो ।

रोटरी क्लब बर्दिबासमा ९ किलोमिटरको मिनि म्याराथुन प्रतियोगितामा सहभागी ९५ जनामध्ये सिन्धुलीको दुधौली नगरपालिका- १२ का ३२ वर्षीय बोधराज भट्टराई प्रथम स्थान भए ।

त्यस्तै बर्दिबास नगरपालिका- १३ का २७ वर्षीय रोशन किङरिङले द्वितीय र बर्दिबास नगरपालिका वडा नं ४ का २७ वर्षीय अमृत बस्नेतले तृतीय स्थान प्रदान गरेका छन् ।

पोलियो प्रति जनचेतना फैलाउने उद्देश्यले भएको ९ किलोमिटर दूरीको मिनि म्याराथुन प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेका भट्टराईले ३३ मिनटमा दूरी तय गरेको थियो । त्यस्तै द्वितीय हुने किङरिङले ३३ मिनट २३ सेकेण्ड तथा तृतीय हुने बस्नेतले ३६ मिनटमा सो दूरी पार गरेको रोटरी क्लब बर्दिबासका अध्यक्ष विष्णु पुरीले बताए ।

मिनि म्याराथुनमा प्रथम स्थान प्राप्त गर्नेले प्रमाणपत्र तथा १० हजार नगद, द्वितीय हुनेले ७ हजार नगद तथा प्रमाणपत्र एवं तृतीय हुनेले ५ हजार नगद तथा प्रमाणपत्र प्राप्त गरे ।

विजयी खेलाडीहरूलाई मधेश प्रदेशका पूर्व राज्यमन्त्री एवं प्रदेशसभा सदस्य शारदा देवी थापाले पुरस्कार प्रदान गरे ।

# बन्दुक र हरिणको मासुलगायतका बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा बन्दुकसहित हरिणको मासु प्रहरीले बरामद गरेको छ ।

वनकर्मीको टोलीले सर्लाहीको



हरिपुर नगरपालिका-१ स्थित जानकीनगर नाखा टोलबाट बिहीबार भरुवा बन्दुक र हरिणको मासु बरामद गरेको छ ।

डिभिजन वन कार्यालय सर्लाहीबाट खटिएको वनकर्मीको टोलीले बिहीबार स्थानीय जानकी सामुदायिक वनका अध्यक्ष दिनेश विक र छिमेकी हरिनारायण महराको घरबाट हरिणको मासु बरामद गरेको छ । वनका अध्यक्ष विकको घरबाट दुई किलो र हरिनारायणको घरबाट १३ किलो हरिणको मासु बरामद भएको सर्लाहीका डिभिजन वन अधिकृत सन्तोषकुमार झाले बताए ।

घरबाट हरिणको मासु बरामद भए पनि वनका अध्यक्ष विक र उनका छिमेकी महरा भने फरार छन् । उनीहरूको खोजी भइरहेको डिभिजन वन कार्यालय सर्लाहीले जनाएको छ । वनकर्मीले खानतलासीको क्रममा हरिनारायण महराको बारीमा लुकाइराखिएको एक थान भरुवा बन्दुक, भरुवा बन्दुकमा प्रयोग हुने एक थान नाल र एक थान खुकुरी बरामद गरेका छन् ।

भरुवा बन्दुकमा टाढासम्म उज्यालो फाल्ने 'टर्च लाइट' फिट गरिएकाले सो हतियार पेसेवर सिकारीले वनजन्तुको सिकार गर्न प्रयोग गर्दैआएको हुनसक्ने आशंका गरिएको उनले बताए । बरामद हतियार लालबन्दीस्थित डिभिजन वन कार्यालयमा ल्याएर थप अनुसन्धान भइरहेको डिभिजन वन अधिकृत झाले बताए ।

बरामद भएको हरिणको मासु डिभिजन वन कार्यालय परिसरमा खाल्डो खनेर गाडिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८